# नेपालमा भाषाहरूको स्थिति र भाषिक सर्वेक्षण: समीक्षात्मक विश्लेषण[1]

**दानराज रेग्मी**

*नेपालमा मातृभाषाका रूपमा बोलिने भाषाहरूको सङ्ख्या, बोलिने स्थान, वक्ताहरू र भाषिक जीवन्तताका बारेमा एकमुष्ट र निर्विवाद जानकारी अझै प्राप्त हुन सकेको अवस्था छैन । २०६८ सालको जनगणनामा भाषाको सङ्ख्या बढे पनि करिब ५६% भाषाहरूको जीवन्तताको स्थिति भने दयनीय रहेको पाइन्छ । थुप्रै भाषाहरू अलिखित अवस्थामा नै छन् । बहुभाषिक नीतिलाई समय सापेक्ष अवलम्बन गर्न सकिएको छैन । २०६५ सालमा सुरु गरिएको नेपालको भाषिक सर्वेक्षण बजेट अभाव र अन्य कारणले गर्दा समाजभाषावैज्ञानिक सर्वेक्षणबाहेक अरू उद्देश्यतर्फ अगाडि बढ्न सकेन । स्वतन्त्र भाषिक जनगणना, जाति-भाषिक अभिलेखीकरण, शब्दकोश निर्माण, व्याकरण लेखन र मातृभाषामा मौलिक पाठ्यपुस्तक निर्माण जस्ता कार्यहरू गर्न बाँकी नै छन् । भाषिक सर्वेक्षणले उतारेको नेपालको आधारभूत समाजभाषिक चित्रणले दिशाबोध गरेका कुराहरूलाई भाषिक समुदाय, भाषाविज्ञान केन्द्रीय विभाग र भाषा आयोग जस्ता सम्बद्ध निकायले मनन गर्दै परम्परागत ज्ञानको खानी र जातीय पहिचानको धरोहरका रूपमा रहेका नेपालका समग्र भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि अगाडि बढ्नु आजको आवश्यकता हो ।*

***मुख्य शब्दहरू:*** *साङ्ख्यीय आँकलन, पारिवारिक सम्बन्ध, लेखन पद्धति, भाषिक जीवन्तता, भाषिक सर्वेक्षण*

## १. पृष्ठभूमि

हिमालको काखमा अवस्थित नेपाल भाषिक, जातीय तथा सांस्कृतिक विविधता भएको देश हो । पूर्व-पश्चिम जम्मा ८८५ कि.मि. लम्बाइ र उत्तर-दक्षिण १९३ किलोमिटर औसत चौडाइ रहेको र १,४७,१८१ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको सानो देश नेपाल भौगोलिक तथा जैविक विविधताले पनि उत्तिकै परिचित छ (यादव, २००३ इ.) । एथ्नोलग (एपिलि र अरू, २०१२) ले नेपालमा १२४ भाषाभाषिकाहरू रहेको तथ्याङ्क सार्वजनिक गरेको छ । वि.सं. २०६८ सालमा सम्पन्न नेपालको राष्ट्रिय जनगणनाले जम्मा चार भाषा परिवारका १२३ भाषा र १२५ जातजाति रहेको नतिजा प्रकाशन गरेको छ ।[2] भौगोलिक विविधताभित्रको विकटता, जनचेतनाको कमी तथा सरकारको स्पष्ट र व्यावहारिक कार्यनीतिको अभाव जस्ता कारणले हालसम्म पनि नेपालमा बोलिने भाषा, बसोबास गरेका जातजाति र धर्म-संस्कृतिका बारेमा वैज्ञानिक तथा भरपर्दो तथ्याङ्कको अभाव छ । अझै पनि विविध कारणवश केही खास भाषिक समुदायका भाषाले राष्ट्रिय पहिचान कायम गर्न सकेका छैनन् भने केही उही भाषाहरूले भिन्न भिन्न नाममा मान्यता पाएको अवस्था छ । नेपाल सरकार, राष्ट्रिय योजना आयोगको स्वीकृतिमा भाषाविज्ञान केन्द्रीय विभागद्वारा वि.सं. २०६५ सालदेखि सञ्चालन गरिँदै आएको नेपालको भाषिक सर्वेक्षण पर्याप्त बजेटको अभावका कारणले समाजभाषावैज्ञानिक सर्वेक्षणबाहेक सर्वेक्षण प्रस्तावमा प्रस्तावित अरू उद्देश्यतर्फ केन्द्रित हुन सकेन । भाषासम्बन्धी ज्यादै सीमित प्रश्नावलीका आधारमा सम्पन्न गरिएका राष्ट्रिय जनगणनाहरूले नेपालमा बोलिने भाषाहरूको सङ्ख्या निर्धारणमा समेत एकरूपता कायम गर्न सकेका छैनन् । अर्कोतर्फ जनगणनाका क्रममा प्राप्त त्यस्ता कोरा सङ्ख्याले राष्ट्रिय स्तरमा भाषासँग सम्बन्धित नीति निर्माण गर्न कुनै ठोस मार्गनिर्देश गर्न सक्ने अवस्थामा छैनन् । नेपालमा भाषालाई जातीय पहिचानका आधार मध्येको एक प्रमुख आधार मानिएका कारणले पनि भाषाको सङ्ख्यामा क्रमशः वृद्धि हुँदै गइरहेको छ । भाषिक विविधता

[1] २०७० साल आषाढ २५ गते (तदनुसार जुलाई १०, २०१३) नेपाल सरकार, शिक्षा मन्त्रालय र नेपाल प्रज्ञाप्रतिष्ठानले संयुक्त रूपमा आयोजना गरेको नेपालको भाषा नीति विकास सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठीमा प्रस्तुत गरेको कार्यपत्रलाई समयसापेक्ष सुधार गरी यो लेख तयार पारिएको हो।

[2] २०६८ को जनगणनाले नेपालमा प्रमुख रूपमा १० प्रकारका धर्मावलम्बीहरू (हिन्दू, बौध्द, इश्लाम, किरात, इसाई, प्रकृति-पूजक, बोन, जैन, बहाइ र सिख) रहेको कुरा जनाएको छ।

*Gipan* 3:2.228-260.

दायित्व मात्र नभएर राष्ट्रिय सम्पति पनि हो भन्ने सत्यलाई आत्मसात् गर्न अझै सकिएको छैन । अर्कोतर्फ विविधताको स्वभाव तथा गाम्भीर्यताका बारेमा पनि जानकारीको अभाव छ । एक्काइसौँ शताब्दीमा पाइला टेक्दासम्म पनि नेपालमा भाषा विकासका लागि अपेक्षित ठोस प्रयासहरू भएका छैनन् । यिनै परिप्रेक्ष्यमा नेपालका भाषाहरूको स्थितिका बारेमा छोटकरीमा समीक्षा गर्दै नेपालको भाषिक सर्वेक्षणको प्रगतिको समीक्षात्मक विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य हो ।

यस लेखलाई चार खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा पृष्ठभूमि, दोस्रो खण्डमा नेपालका भाषाहरूको स्थिति, तेस्रो खण्डमा नेपालका भाषाहरूको सर्वेक्षणको प्रगतिको समीक्षात्मक विश्लेषण र चौथो खण्डमा उपसंहार प्रस्तुत गरिएको छ ।

## २. भाषाहरूको स्थिति

नेपालमा नेपाली, भोजपुरी, मैथिली, अवधी, नेवार जस्ता केही भाषाबाहेक अरू भाषाहरूको अवस्था दयनीय नै छ । नेपालका भाषाहरूको स्थितिको समीक्षा गर्दा साङ्ख्यीय आँकलन, पारिवारिक सम्बन्ध, भाषाहरूको अध्ययन/अनुसन्धान स्थिति, लेखन पद्धति, भाषा र जाति र भाषिक जीवन्तताको स्थिति जस्ता पक्षहरूका बारेमा चर्चा गर्नुपर्ने हुन्छ । तलका उपखण्डमा यिनै पक्षहरूको बारेमा छोटकरीमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### २.१ साङ्ख्यिक आँकलन

नेपालमा मातृभाषाका रूपमा बोलिने भाषाहरूको पहिचान तथा सङ्ख्याको आँकलन गर्ने प्रयासमा आफ्नै सीमा र कमजोरी हुँदाहुदै पनि नेपालका राष्ट्रिय जनगणनाहरूको ठुलो भूमिका रहँदै आएको छ । वि.सं २००९/११को राष्ट्रिय जनगणनादेखि भाषाका सङ्ख्याका बारेमा पनि नियमित रूपमा जानकारी दिनका लागि थालनी भएको प्रयासलाई वि.सं २०६८ को जनगणनाले पनि निरन्तरता दिएको छ । तालिका १ ले वि.सं २००९/११ देखि २०६८ सालसम्मका सातवटा जनगणनाअनुसार नेपालमा मातृभाषाका रूपमा बोलिने भाषाहरूको सङ्ख्या देखाएको छ ।

तालिका १: विभिन्न जनगणनामा भाषाको सङ्ख्याको आँकलन


| जनगणना | २००९/११ | २०१८ | २०२८ | २०३८ | २०४८ | २०५८ | २०६८ |
|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | ४४ | ३६ | १७ | १४ | ३१ | ९२ | १२३ |

स्रोत: गुरुङ (२००२:३७) र नेपालका विभिन्न जनगणना (वि.सं २००९/११-२०६८)

तालिका १ अनुसार २०४८ सालको जनगणनासम्म भाषाहरूको सङ्ख्या फरक फरक हुँदै ४४ (२००९/११), ३६ (२०१८), १७ (२०२८), १८ (२०३८) र ३१ (२०४८) रहेकोमा विशेषत: प्रजातन्त्रको पुन:स्थापना पछि आदिवासी लगायत अल्पसङ्ख्यक भाषिक समुदायहरूमा आफ्नो मातृभाषाप्रतिको जागरणमा निरन्तर बृद्धि भएका कारणले २०५८ को जनगणनामा भाषाको सङ्ख्या लगभग तीन गुणा बढेर ९२ पुग्यो । २०५८ सालको जनगणनाले पहिलो चोटि बराम/बरामु, भुजेल/खवास, छन्त्याल/छन्तेल, दुरा, घले, काइके, किसान, कुसुन्डा, सन्थाली, राउटे, बज्जिका, अङ्गिका, ह्योल्मो, खडिया, ल्होमी, दुङमाली र साम्री वा सधानी, नेपाली साङ्केतिक भाषा, केही विदेशी भाषाहरू (अङ्ग्रेजी, जोङ्खा, र चिनियाँ बाहेक अधिकांश भारतमा बोलिने भाषाहरू जस्तै हरियान्वी, मगही, कुकी, मिजो, नागामी, सिन्धी, आसामी, उडिया, कुर्माली र मेचे) लाई नेपालका मातृभाषाहरूको सूचीमा समावेश गरेको थियो (नेपालको भाषिक सर्वेक्षण प्रस्ताव, २०६५)[३] ।

[३] बज्जिका र अङ्गिकालाई क्रमशः भोजपुरी र मैथिलीका भाषिका ठानिएको थियो।

नेपाली समाजमा आएको जागरणमा निरन्तरता, समाजभाषावैज्ञानिक सर्वेक्षणको थालनी र सङ्घीय राज्यमा भाषिक समुदाय र सङ्ख्याको आधारमा पहिचान र अधिकार सुनिश्चित हुने प्रचारका कारणले पनि **२०६८** को जनगणनामा **३१** वटा भाषाहरू थपिएर **१२३** पुगेका छन् ।[४] **२०६८** सालको जनगणनामा पहिले नेपाली भाषाका भाषिकाका रूपमा मानिएका डोटेली, बैतडेली, आछामी, बझाङी, बाजुरेली, दार्चुलेली, दैलेखी, जुम्ली, डडेलधुरी र गढवालीलाई स्वतन्त्र भाषाका रूपमा समावेश गरेको छ । यस जनगणनामा किरात-राई समूहका स्वतन्त्र भाषाहरू सूचीमा रहँदा रहँदै पनि राईलाई छुट्टै सूचीकृत गरिनु यो जनगणानाको ज्यादै कमजोर पक्ष हो । नेपालमा मातृभाषाका रूपमा बोलिने खाम (मगर), ताजपुरिया, आठपरिया, गन्गाइ, ल्होपा, खस, डोल्पाली, वालिङ, बेलहारे, सोनाहा, मानङे, धुलेली, फाङ्दुवाली, सुरेल, माल्पाँडे र बनकरिया जस्ता भाषालाई यस जनगणानले समावेश गर्नु भने सरहानीय काम हो । तर नेपालमा खासै नबोलिने फ्रान्सेली, रसियाली, स्पेनेली र अरबी जस्ता भाषाहरू पनि नेपालका मातृभाषाका रूपमा थप हुनु र नेपालमा स्वतन्त्र भाषाका रूपमा बोलिने राना थारू जस्ता भाषाहरू छुट्नु यस जनगणानाका कमजोर पक्ष नै हो । यसमा समावेश गरिएका धेरै भाषाहरूमा शब्दकोश र साहित्यका कुरा छोडौं, सामान्य व्याकरणात्मक विवरण पनि पाइँदैन ।[५] स्तम्भलेख **१** मा **२००९** सालदेखि **२०६८** सालसम्मका जनगणानाले देखाएका भाषाहरूको सङ्ख्यालाई अझ स्पष्ट रूपमा देखाउने प्रयास गरिएको छ ।




**स्तम्भ रेखाचित्र १: नेपालका विभिन्न जनगणानामा मातृभाषाको सङ्ख्या**

नेपालमा मातृभाषाका रूपमा प्रयोग गरिने भाषाहरूको पहिचान तथा सङ्ख्याको आँकलन गर्ने प्रयासमा एथ्नोलगको पनि ठुलो भूमिका रहेको छ । **२००५** इ. मा प्रकाशित एथ्नोलगले नेपालका भाषाको सङ्ख्या **१२६** दिएको थियो । तर **२०१२** इ. नेपालको भाषिक सर्वेक्षण, भाषाविज्ञान केन्द्रीय विभाग र समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्स, नेपाल (एसआइएल, नेपाल) ले नेपालका भाषाहरूको थप परीक्षण (auditing) गरी प्रकाशित गरेको एथ्नोलगले भने नेपालमा **१२४** भाषा/भाषिकाहरू रहेको तथ्याङ्क सार्वजनिक गरेको छ (एपिलि र अरू, **२०१२**) । मल्ल (**१९८९** इ.) र तोबा (**१९९२** इ.)ले **७०** वटा भाषाहरू उल्लेख गरेकामा नुनन (**२००५**इ.:**२**) ले नेपालमा **१०९** वटा चीन-तिब्बती सहित **१४०** वटा भाषाहरू रहेको अनुमान गरेका छन् । यी अनुमानबाहेक नेपालका भाषिक सर्वेक्षणको क्षेत्रकार्यको क्रममा पनि थुप्रै भाषा भाषिकाहरूको पहिचान भएको छ । व्यवस्थित,

[४]**२०५८** को जनगणनामा भाषाको सङ्ख्या बढ्नुको कारणमा पहिलेका जनगणनाहरूमा राईकिराती शीर्षकमा राखिएका भाषाहरूलाई **२२** वटा छुट्टाछुट्टै भाषाहरूको सूचीमा राख्नु पनि हो।

[५]**२०५८** र **२०६८** का जनगणनाअनुसार नेपालका भाषा तथा वक्तासङ्ख्या सूची परिशिष्ट **१** मा दिइएको छ।

वैज्ञानिक र स्वतन्त्र भाषिक गणना गरिएमा नेपालमा मातृभाषाका रूपमा बोलिने भाषा भाषिकाहरूको सङ्ख्या **१५०** भन्दा कम नहुने सम्भावना छ । पोइँके, सेके, कुके, कठरिया, रानाथारु, चितौनिया थारु, मध्यपूर्विया थारू जस्ता भाषाहरू स्वतन्त्र भाषाका रूपमा आउने सम्भावना छ । नेपालको परिप्रेक्ष्यमा भाषा र भाषिका निर्धारणको मुख्य कसी पारस्परिक बोधगम्यता होइन । यसलाई आधार मान्ने हो भने त नेपालका भाषाको सङ्ख्या पुनः **२०४८** सालको जनगणनाको हाराहारीमा आउँछ । जातिभाषिक पहिचानलाई नै मुख्य आधार बनाइनु पर्दछ ।

## २.२ भाषाहरूको पारिवारिक सम्बन्ध

पारिवारिक सम्बन्धका आधारमा कुसुन्डा भाषालाई छाडेर **२०५८** र **२०६८** जनगणनामा उल्लेख भएका नेपालका भाषाहरूलाई चार भाषा परिवारमा बाँड्न सकिन्छः भारोपेली, चीन-तिब्बती, आग्नेसियाली र द्रबिड । तालिका **२** (क) मा **२०५८** सालको जनगणनाअनुसार भाषाहरूको पारिवारिक वर्गीकरण, भाषा र वक्ता सङ्ख्यालाई देखाइएको छ ।

**तालिका २(क): भाषाको पारिवारिक वर्गीकरण, भाषा र वक्ता सङ्ख्या (२०५८)**

| | भाषिक परिवार | भाषा सङ्ख्या | वक्ता सङ्ख्या | वक्ता प्रतिशत |
|---|---|---|---|---|
| १. | भारोपेली | ३० | १,८२,४९,४०८ | ८०.२६% |
| २. | चीन-तिब्बती | ५८ | ४२,४८,६४९ | १८.६८% |
| ३. | आग्नेसियाली | २ | ४१८३५ | ०.१९% |
| ४. | द्रबिड | १ | २८,६१५ | ०.१३% |
| ५. | एकल भाषा | १ | ८७ | ०.००% |
| | उल्लेख नभएको | | १,६८,३४० | ०.७४% |
| | कुल जम्मा | ९२ | २,२७,३६,९३४ | १००% |

स्रोतः राष्ट्रिय जनगणना (२०५८)

तालिका २ (ख) ले २०६८ सालको जनगणनामा उल्लेख भएका नेपालका भाषाहरूको पारिवारिक वर्गीकरण, भाषा सङ्ख्या र वक्ता सङ्ख्यालाई देखाएको छ ।

**तालिका २(ख): भाषाहरूको पारिवारिक वर्गीकरण, भाषा र वक्ता सङ्ख्या (२०६८)**

| | भाषिक परिवार | भाषा सङ्ख्या | वक्ता सङ्ख्या | वक्ता प्रतिशत |
|---|---|---|---|---|
| १. | भारोपेली | ४९ | २१,७,५५,३०० | ८२.११% |
| २. | चीन-तिब्बती | ७० | ४५,८६,५३८ | १७.३१% |
| ३. | आग्नेसियाली | २ | ५००९६ | ०.१९% |
| ४. | द्रबिड | १ | ३३,६५१ | ०.१३% |
| ५. | एकल भाषा | १ | २८ | ०.००% |
| | अन्य | | २१,१७३ | ०.०७% |
| | उल्लेख नभएको | | ४७,७१८ | ०.१८% |
| | कुल जम्मा | १२३ | २,६४,९४,५०४ | १००% |

स्रोतः राष्ट्रिय जनगणना (२०६८)

तालिका २ (क) र (ख) को बिचमा तुलना गर्दा भाषाको सङ्ख्याको आधारमा चीन-तिब्बती परिवार (भोटबर्मेली समूह) का भाषाको वर्चश्व रहेको पाइन्छ । तर वक्ता सङ्ख्या भने भारोपेली परिवारको नै ८०% भन्दा बढी

देखिन्छ । यो सङ्ख्या अझ बढ्दै गएको छ । वक्ताको सङ्ख्याका आधारमा कुल जनसङ्ख्याको ८२.१२०% (जनगणना,२०६८) ले भारोपेली परिवारका भाषाहरूमा मुख्य रूपमा भारतीय आर्य भाषाहरू बोल्ने गरेको पाइन्छ । २०५८ को जनगणनामा कुल जनसङ्ख्याको १,६८,३४० (०.७४%) मानिसले बोल्ने केही भाषाहरूलाई अज्ञात शीर्षकभित्र राखिएको छ भने २०६८ को जनगणानामा कूल जनसङ्ख्याको २१,११७ (०.०७) र ४७,७१८(०.१८%) क्रमशः अन्य र उल्लेख नभएको शीर्षकमा राखिएको पाइन्छ (रेग्मी, २०७० ) ।

विस्तृत अध्ययनको अभावमा नेपालका भारोपेली साथै चीन-तिब्बती भाषा परिवारका केही भाषाहरूको पारिवारिक सम्बन्ध भने अझै स्पष्ट भइसकेको छैन । कुसुन्डा भने अहिलेसम्म पारिवारिक सम्बन्ध निश्चित भइ नसकेको एकल भाषा मानिन्छ । चीन-तिब्बती भाषा परिवारका भाषाका वक्ताको सङ्ख्या २०३८ सम्मका जनगणनाहरूमा निरन्तर घट्दो स्थितिमा देखिएको छः २१.८ (२००९/११), १९.२६ (२०१८), १७.१६ (२०२८) र १२.०६ (२०३८) । तर त्यसपछिका जनगणनाहरूमा भने क्रमशः बढेको:१६.७६ (२०४८) र १९ (२०५८) देखिएको छ (नेपालको भाषिक सर्वेक्षण प्रस्ताव, २०६५) । कोरा वक्ता सङ्ख्यामा २०५८ को जनगणनामा भन्दा २०६८ को जनगणनामा केही वृद्धि भए पनि वक्ता प्रतिशतका आधारमा घट्दो स्थितिमा देखिन्छ । आग्नेसियाली परिवारको मुन्डा शाखा (उत्तरी मुन्डा समूहको सन्थाली र दक्षिणी मुन्डा समूहको खडिया) र द्रविड परिवारका भाषा (उराँव/ झाँगड/धाँगड) मा कोरा वक्ता सङ्ख्यामा २०६८ को जनगणनामा केही वृद्धि भए पनि वक्ता प्रतिशतमा खासै वृद्धि भएको पाइँदैन । [६]

२००९/११ को जनगणनादेखि नै सन्थाली भाषाका वक्ताको सङ्ख्याका बारेमा जानकारी दिइँदै आइएको छ । जसअनुसार वक्ताको सङ्ख्या क्रमशः ०.२० (२००९/११), ०.३१ (२०१८), ०.२१ (२०२८), ०.१९ (२०३८), ०.१८ (२०४८) र ०.१८ (२०६८) रहेको छ । २०५८ को जनगणनाले पहिलो चोटि थपेको आग्नेली परिवारको खडिया भाषाको वक्ता (१५७५ (०.०१%)) सङ्ख्या २०६८ सालको जनगणनामा घटेर २३८ (०.००%) मा पुगेको छ । एकल भाषा (language isolate) का रूपमा चिनिने कुसुन्डा भाषाको २०५८ को जनगणनामा कुल वक्ता सङ्ख्या ८७ रहेकामा २०६८ को जनगणनामा कुल वक्ता सङ्ख्या २८ देखाइएको छ । त्यसैगरी मगर काइके भाषा २०५८ को जनगणनामा कुल वक्ता सङ्ख्या ७९४ रहेकामा २०६८ को जनगणनामा कुल वक्ता सङ्ख्या विश्वास गर्न नै नसकिने रूपमा ५० मात्र देखाइएको छ । २०६८ गरिएको काइके भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षणमा मातृभाषीको सङ्ख्या एक हजार भन्दा बढी पाइएको थियो ।

### २.३ भाषाहरूको अध्ययन अनुसन्धान

नेपालमा बोलिने थोरै भाषाको मात्र विस्तृत भाषावैज्ञानिक अध्ययन भएको छ । तालिका ३ मा २०६८ को जनगणनामा समावेश भएका भाषाहरूमा गरिएको समाजभाषावैज्ञानिक सर्वेक्षण (सभास), अभिलेखीकरण (अभिले), शब्दकोश निर्माण (शकोनि), संक्षिप्त वा पूर्ण व्याकरण लेखन (व्याकले) तथा मातृभाषामा आधारित आधारभूत तहका पाठ्यपुस्तक निर्माण (मापानि) को स्थितिको प्रारम्भिक झलक देखाइएको छ ।

---

[६] २०२८ र २०३८ का जनगणनाहरूमा उल्लेख नगरिएको तर अन्य जनगणनाहरूमा वक्ता क्रमशः ४,८३२ (२००९/११), ९,१४० (२०१८), १५,१७५ (२०४८) र २८,६१५(२०५८) देखाइएको नेपालमा द्रबिड परिवारको कोसी नदी पूर्व झाँगड र कोसी नदी पश्चिम धाँगड नामले पनि चिनिने एउटा मात्र उराँव भाषाको पनि २०६८ सालको जनगणनामा कोरा वक्ताको सङ्ख्या (३३,६५१ (०.१३%) दिइएको छ।

तालिका ३: नेपालका भाषाहरूको अध्ययन अनुसन्धानको स्थितिको प्रारम्भिक झलक

| | | सभास | अभिले | शकोनि | व्याकले | मापानि |
|---|---|---|---|---|---|---|
| १. | भारोपेली | ३३ | ७ | ७ | १२ | ६ |
| २. | चीन-तिब्बती | ५६ | १६ | २५ | ३३ | १८ |
| ३. | आग्नेसियाली (सन्थाली र खडिया) | २ | | | | |
| ४. | द्रबिड ( उराउँ) | १ | | | | |
| ५. | एकल भाषा (कुसुन्डा) | १ | | | १ | |
| | | ९३ | २३ | ३२ | ४६ | २४ |

स्रोत: नेपालको भाषिक सर्वेक्षण, तोबा (२००४ इ.) र रेग्मी (२०१२इ.)

तालिका ३ अनुसार भारोपेली भाषापरिवारभित्रका लगभग ३३ भाषामा समाजभाषावैज्ञानिक सर्वेक्षण (सभास) भइसकेको पाइन्छ । ती भाषाहरूमा मैथिली, नेपाली, बोटे, रानाथारू, डगौरा थारू, सोनाहा, खोनाहा, डोट्याली, बझाङ्गी, बाजुरेली, बैतडेली, अछामी, दार्चुलेली, भोजपुरी, अवधी, कुमाल, राजबंशी, ताजपुरिया, कोचे, गन्गाई, किसान, मालपाहँडे, माझी, बज्जिका, कठरिया थारू, दनुवार, दराई, चितौनिया थारू, मगही, अङ्गिका, जुम्ली नेपाली, कोचिला थारू र देवास राई पर्दछन् । यो परिवार भित्रका ७ भाषामा अभिलेखीकरण (राजबंशी, दनुवार, माझी, कुमाल, दराई, बोटे, किसान), ७ भाषामा शब्दकोश निर्माण (नेपाली, मैथिली, भोजपुरी, अवधी, थारू, डोटेली, राजबंशी); १२ भाषामा संक्षिप्त वा पूर्ण व्याकरण लेखन (नेपाली, मैथिली, भोजपुरी, अवधी राजबंशी, दनुवार, मगही, कुमाल, दराई, किसान (साद्री), बझाङ्गी, अछामी); ६ भाषामा मातृभाषामा आधारित आधारभूत तहका पाठ्यपुस्तक निर्माण (मैथिली, भोजपुरी, अवधी, रानाथारू, राजबंशी, बोटे) कार्य भएका छन् । चीन-तिब्बती परिवार भित्रका ५६ भाषामा समाजभाषावैज्ञानिक सर्वेक्षण (नेवार, लाप्चा, चेपाङ , याक्खा, भुजेल, मगर काइके, छुलुङ, जिरेल, मगर (ढुट), ब्याँसी, राजी, राउटे, खाम, छन्त्याल, गुरुङ, दुमी, कोयी, धिमाल, कोचे, तिलुङ, कुलुङ, थलुङ, साम्पाङ, खालिङ, वाम्बुले, नाछिरिङ, दुरा, दराई, मेवाहाङ, थामी, दुङ्माली, आठपहरे, फाङ्दुवाली, सुनुवार, बान्तावा, चाम्लिङ, घले/गुरुङ, लिम्बु, थकाली, धुलेली, जेरो/जेरुङ, हायु, सुरेल, शेर्पा, ल्होवा, पूर्वी तामाङ, बेलहारे, पुमा, छिन्ताङ, याम्फु, लोहोरुङ, कागते, पूर्वी मगर, पश्चिमी तामाङ, हुम्ला तिब्बती र वालुङ्गे), १६ भाषामा अभिलेखीकरण (भुजेल, पुमा, जिरेल, मेचे, छन्त्याल, राजी, छिन्ताङ, छिलिङ, पहरी, दुरा, हायु, ब्याँसी, फाङ्दुआली (मुगाली), बराम, बनकरिया, काइके); २५ भाषामा शब्दकोश निर्माण (तामाङ, नेवार, मगर, लिम्बु, गुरुङ, बान्तावा, शेर्पा, चाम्लिङ, चेपाङ, सुनुवार, खाम(मगर), थाङ्मी, याक्खा, धिमाल, साम्पाङ, खालिङ, य्होल्मो, याम्फु, दुमी, जिरेल, छन्त्याल, हायु, कोयी, ब्याँसी, बराम); ३३ भाषामा संक्षिप्त वा पूर्ण व्याकरण लेखन (तामाङ, नेवार, मगर, लिम्बु, गुरुङ, बान्तावा, चाम्लिङ, चेपाङ, खाम (मगर), थाङ्मी, भुजेल, याक्खा, धिमाल, साम्पाङ, खालिङ, वाम्बुले, बाहिङ, य्होल्मो, याम्फु, दुमी, आठपरिया, मेचे, छन्त्याल, लोहोरुङ, पहरी, कोचे, हायु, बेलहारे, ब्याँसी, मनाङे, बराम, बनकरिया, काइके); १८ भाषामा मातृभाषामा आधारित आधारभूत तहका पाठ्यपुस्तक निर्माण (तामाङ, नेवार, मगर, लिम्बु, गुरुङ, बान्तावा, चाम्लिङ, चेपाङ, सुनुवार, भुजेल, याक्खा, शेर्पा, बराम, लाप्चा) कार्य भएका छन् । आग्नेसियाली भाषा परिवारको सन्थाली र खडिया तथा द्रबिड परिवारको उराउँ भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण भइसकेको छ । एकल भाषा कुसुन्डामा समाजभाषावैज्ञानिक सर्वेक्षणका साथै प्रारम्भिक व्याकरण लेखिएकोमा यसमा थप अध्ययन पनि भइरहेको छ । यी बाहेकका भाषामा कुनै कार्य भएको सूचना छैन ।

## २.४ भाषा र लिपि

नेपालका केही भाषाहरूको मात्र समृद्ध लेख्य परम्परा रहेको छ । तिनमा नेपाली, मैथिली, तिब्बती, शेर्पा, ल्होवा, नेवार, लिम्बू, भोजपुरी, अवधी र लेप्चा मुख्य छन् । नेपालका धेरै भाषाहरूको लेख्य परम्परा छैन । केही जातजाति आफ्नो भाषाको लिपिको अनुसन्धान र विकास गर्ने क्रममा देखिन्छन् । केही भाषाहरूमा मातृभाषामा पाठ्यपुस्तकहरू निर्माण गर्ने प्रयोजनका लागि देवनागरी लिपिलाई आवश्यकता अनुसार अनुकूलन गरी प्रयोग गरिएको छ । तालिका ४ मा नेपालका भाषा र लिपि प्रयोगको स्थितिलाई प्रस्तुत गरिएको छ ।

**तालिका ४: नेपालका भाषा र लिपि प्रयोगको स्थिति**

| क्र. सं. | लिपि | भाषा |
|---|---|---|
| **१.** | देवनागरी | नेपाली, मैथिली, भोजपुरी, अवधी, नेवार, राजवंशी, मगर, तामाङ, किराती भाषाहरू |
| **२.** | मिथिलाक्षर/तिरहुता | मैथिली |
| **३.** | कैथी | मैथिली |
| **४.** | सम्बोटा | तिब्बती, शेर्पा, तामाङ, ल्होवा, सेके |
| **५.** | तामहिग | तामाङ |
| **६.** | रञ्जना | नेवार |
| **७.** | सिरिजङ्ग्या | लिम्बु |
| **८.** | रोङ | लेप्चा |
| **९.** | अक्खा | मगर |
| **१०.** | गुरुमुखी | पन्जाबी |
| **११.** | अरबी | उर्दु |
| **१२.** | ल्याटिन/रोमन | सन्थाली, गुरुङ |
| **१३.** | ओल चेमेत/ओल चिकी/ओल | सन्थाली |
| **१४.** | खेमा | गुरुङ |
| **१५.** | बाङ्ला | बङ्गयाली |

स्रोत: नेपालको भाषिक सर्वेक्षण प्रस्ताव, **२०६५** र स्थलगत अध्ययन

## २.५ जाति र मातृभाषा

नेपालको भाषिक स्थितिलाई जाति, भाषा र धर्म बिचको पारस्परिक अन्तरक्रियाबाट निर्मित जातीय-धार्मिक-भाषिक त्रिपक्षीय संरचनाका रूपमा हेरिएको पाइन्छ (नेपालको भाषिक सर्वेक्षण प्रस्ताव, **२०६५**) । वि.सं. **२०६८** सालको जनगणना अनुसार करिब **१०** जातजाति (क्षेत्री, बाहुन (पहाड), कामी, ठकुरी, सार्की, सन्यासी, गाइने, बादी, खवास, दमाईं/ढोली)ले नेपालीलाई एक साझा मातृभाषाका रूपमा प्रयोग गरेको पाइन्छ भने करिब **५३** जातजातिले आ-आफ्नै मातृभाषा बोल्ने गरेको अवस्था छ । तालिका **५**मा नेपालका जातजाति र भाषाको स्थितिलाई देखाउने प्रयास गरिएको छ ।

**तालिका ५: नेपालका जातजाति र भाषा**

| क्र.सं. | भाषिक स्थिति/भाषिक संरचना | जातिसङ्ख्या | मातृभाषा |
|---|---|---|---|
| १. | धेरै जाति एक साझा मातृभाषा | १० | नेपाली |
| २. | एक जाति एक मातृभाषा | ५३ | |
| ३. | एक जाति एक भन्दा बढी मातृभाषा | ५ | |
| ४. | एक जाति तर स्थान अनुसार भिन्न मातृभाषा | ४० | मैथिली, भोजपुरी, अवधी |
| ५. | जातिभाषाको पहिचान गर्न नसकिएका | १७ | |

स्रोतः राष्ट्रिय जनगणना (२०६८)

तालिका ५अनुसार एक जाति एक मातृभाषा भएका जातजातिमा तामाङ, नेवार, मुसलमान, लिम्बु, शेर्पा, घर्ती/भुजेल, कुमाल, राजवंशी, सुनुवार, माझी, दनुवार, मारवाडी, सतार/ सन्थाल, झाँगड/धाँगड, गन्गाई, थामी, धिमाल, बोटे, याक्खा, दराइ, ताजपरिया, थकाली, ब्राम्हु/बरामो, जिरेल, मेचे, लेप्चा, पन्जाबी/सिख, किसान, राजी, ब्याँसी/सौका, हायु, कोचे, वालुङ, मुन्डा, राउटे, ह्योल्मो, कुसुन्डा, ल्होमी, कुलुङ, घले, नाछिरिङ, याम्फु, चाम्लिङ, आठपरिया, बान्तबा, डोल्पो, थुलुङ, बाहिङ, ल्होपा, साङ्पाङ, खालिङ, तोप्केगोला, लोहरुङ पर्दछन् । करिब ५ जातजातिका एक भन्दा बढी मातृभाषा रहेका छन् । ती जातिमा मगर (खाम, काइके, पोँइके, मगर (ढुट)); चेपाङ (चेपाङ, बनकरिया); गुरुङ (गुरुङ, घले) थारू (राना थारू, डगौँराथारू, खोनाहा) र राई पर्दछन् । एक जाति तर स्थानअनुसार भिन्न मातृभाषा (मैथिली, भोजपुरी, अवधी) भएका जातिमा यादव, तेली, चमार, कोइरी/कुशवहा, कुर्मी, धानुक, मुसहर, दुसाहा, केवट, बाहुन(तराई), काठबनियन, मलाहा, कल्वार, हजाम/ठाकुर, कानु, सुधी, लोहार, हल्वाइ, राजपुत, कायस्थ, बाँतर, बरही, कहार, लोध, राजवार, बिन, गढेरी, चिढिमार, माली, डोम, कमार, कलार, नटुवा, धाँदी, धन्कार, राजधोब, कोरी, सरबरिया, अमत, देव पर्दछन् । केही जातजातिमा हकमा भने भाषाको पहिचान गर्न नसकिएको अवस्था छ । नेपालमा डोल्पो, तोप्केगोला जातिमा बाहेक अन्यमा सामान्य रूपमा जाति र भाषाको एउटै नाम भएको पाइन्छ । तर नेपाल जस्तो बहुभाषिक र नेपाली भाषातिर थुप्रै भाषिक समुदायहरू क्रमशः अपशरण हुँदै गएको अवस्थामा भावनात्मक वा पहिचानका दृष्टिले पुर्खाको भाषालाई मातृभाषा नै भने पनि प्रकार्यात्मक रूपमा नेपाली भाषालाई नै मातृभाषाका रूपमा प्रयोग हुँदै आएको पाइन्छ ।

### २.६ भाषिक जीवन्तता

लुइ र साइमन (२०१०इ.) ले विस्तार र परिमार्जन गरेको विस्तारित श्रेणीकृत पुस्तान्तरण विघटन मापक्रम (Expanded Graded Intergenerational Disruption Scale) नामक भाषाहरूको जीवन्तताको स्थितिको मूल्याङ्कन गर्ने मोडेलको आधारमा नेपालका १२३ भाषाहरूको जीवन्तताको स्थितिलाई विश्लेषण गर्दा करिब ३० वटा प्रवल, ५१ वटा संकटापन्न, ११ वटा अपसरणशील, ६ वटा मृतप्राय, १ वटा सुषुप्त, १ वटा लोप भइसकेका अवस्थामा पुगेको देखिन्छ । नेपालका जम्मा ५३(४३.०९%) वटा भाषाहरूमात्र सुरक्षित देखिन्छन् । तालिका ६ मा नेपालका भाषाहरूको जीवन्तताको स्थिति देखाइएको छ । [७]


[७] नेपालका भाषाहरूको जीवन्तताको स्थितिको विवरण परिशिष्ट २ दिइएको छ।

**तालिका ६: नेपालका भाषाहरूको जीवन्तताको स्थिति (रेग्मी, २०१७ इ.)**

| जीवन्तताको तह | सुरक्षित | संकटापन्न | अपसरणशील | मृतप्राय | सुषुप्त | लोप |
|---|---|---|---|---|---|---|
| भाषाको सङ्ख्या | ५३ | ५१ | ११ | ६ | १ | १ |
| प्रतिशत | ४३.०९% | ४१.४६% | ८.९४% | ४.८७% | ०.८% | ०.८% |

स्रोत: एथ्नोलग (एपिलि र अरू, २०१२) र युनेस्को (२०१०)

नेपालका भाषाहरूको जीवन्तताको स्थितिलाई स्तम्भ रेखाचित्र २ बाट पनि देखाउन सकिन्छ ।




स्तम्भ रेखाचित्र २: नेपालका भाषाहरूको जीवन्तताको स्थिति

## ३. भाषिक सर्वेक्षण

### ३.१ विगतका प्रयास

नेपालमा संस्थागत एवं व्यक्तिगत तवरमा भाषाहरूको सर्वेक्षण गर्ने केही प्रयासहरू भएका पाइन्छ । उन्नाइसौँ शताब्दीमा ब्रायन हड्सनले सर्वप्रथम नेपालका केही भोट-बर्मेली भाषाहरूको तुलनात्मक शब्द सूचीहरूका साथै भाषाहरूका विषयमा धेरै लेखहरू जर्नल अफ एसियाटिक सोसाइटी अफ बङ्ग्यालका अनेक अङ्कहरूमा छपाएको पाइन्छ । ग्रियर्सन (१८९८-१९२७इ.) ले भारतीय भाषाको सर्वेक्षणका क्रममा नेपालका सन्थाली, खडिया, भोटिया, कागते, ब्याङ्सी, चौदङ्सी, धिमाल, थामी, लिम्बु, याक्खा, वायु, चेपाङ, कुसुन्डा, भ्रामु (बराम), पहरी, रोङ (लेप्चा), टोटो, बाहिङ, बलाली, साङ्पाङ, लोहोरोङ, लाम्बिछ्होङ, वालिङ, छिन्ताङ, रुङ्छेन्बुङ, दुङ्माली, रोदोङ वा चाम्लिङ, नाछिरिङ, कुलुङ, थुलुङ, चौरस्या वा उम्बुले, खालिङ , दुमी, गुरुङ, मुर्मी वा तामाङ, थाक्स्या, सुनुवार, मगर, नेवारी, बोडो वा मेचे, कुडुँख वा उराउँ, मैथिली, थारु मैथिली, मगही, भोजपुरी, थारु भोजपुरी, राजवंशी, अवधी, खस कुरा वा नेपाली (मानक र पाल्पाली) जस्ता भाषाहरूको सर्वेक्षण गरेका थिए । उनले सर्वेक्षणमा परेका भाषाहरूका वक्ताहरूको छोटो जातीय परिचय, भौगोलिक स्थिति, जातिको भित्री नाम र बाहिरी नाम, वक्ताहरूको सङ्ख्या, जनगणनाको तथ्याङ्क, लिपि वा लेखन पद्धति, आधिकारिक

प्रवक्ताहरू अथवा विद्वान्हरू, मुख्य प्रकाशनको विवरण, वर्णमाला, उच्चारणको विवरण, व्याकरणात्मक टिपोट, क्रियाका रूपावलीहरू, भाषा (वा भाषिकाहरू), भाषिकाको नमुना पाठ र रूपात्मक अनुवाद, साहित्य वा लिखित सामग्रीको बयान, सबै भाषाहरूको वर्गीकृत सूची, १६८ शब्दहरू भएको तुलनात्मक शब्दावली, भाषा परिवारसमेत जनाउने ऐतिहासिक वर्गीकरण जस्ता विवरण दिएका थिए ।

समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्स (एसआइएल) नामक अन्तर्राष्ट्रिय संस्थाले १९६५ इ. देखि १९७५ सम्मको दश वर्षमा नेपालका २१ वटा भाषाहरूको अध्ययन गराउनुका साथै ती भाषाका शब्दसूची, वर्णवैज्ञानिक सारांश, पाठहरू, छोटकरी व्याकरण र समाजभाषा वैज्ञानिक तथ्याङ्कहरू बाहिर ल्याएको थियो । अन्तर्वार्ता, शब्दसूची, व्याकरणात्मक सूचना, रूपावली, केही आधारभूत वाक्यहरू र समाजभाषावैज्ञानिक प्रश्नहरूका आधारमा बालकृष्ण पोखरेल र शम्भुचन्द्र चौधरीले महाकाली र सेती अञ्चलका अनेक भाषा र भाषिकाहरूको स्थलगत सर्वेक्षण गरेको कुरा नेपालको भाषिक सर्वेक्षणको प्रस्तावमा उल्लेख गरिएको छ । यसै सर्वेक्षणका आधारमा नेपालीका पाँचवटा भाषिका निर्धारण गरिएको थियो । चूडामणि बन्धुको नेतृत्वमा साठीको दशकको अन्त्यतिर वाग्मती र जनकपुर अञ्चलका थामी, जिरेल, माझी, दनुवार, पहरी, तामाङ र दोलखा नेवार जस्ता ११ वटा भाषाहरूको सर्वेक्षण गरिएको थियो ।

१९७१ इ. मा वारेन ग्लोभरले पनि स्वाडेशको शब्द सूचीका आधारमा ३० वटा भोट बर्मेली भाषाको तुलनात्मक गणना गर्नुका साथै तामाङी समूहका भाषाहरूका स्वाडेस १०० शब्दावलीको तुलना प्रकाशित गरेका छन् । वारेन ग्लोभर र जोन के. ल्यान्डनले असीको दशकको प्रारम्भमा गुरुङ भाषाका भाषिकाहरूको सर्वेक्षण गरेका थिए । वर्नर विन्टरको नेतृत्वमा शब्द सूची (२५० शब्द), वाक्य व्याकरण, शब्द व्याकरण र केही समाजभाषावैज्ञानिक सूचनाहरूमार्फत जर्मन रिसर्च काउन्सिलको आर्थिक सहयोगमा पूर्वाञ्चल विकास क्षेत्रबाट सुरु भएको नेपालको भाषिक सर्वेक्षणले तराई र पहाड दुवै तिरका ४८ भाषाहरूको सर्वेक्षण १९८१ देखि १९८४ इ. का बिचमा गरेको थियो । त्यस्तै गरी बोइड मिखाइलोभ्स्की (१९८८ इ.), माधव पोखरेल, अस्टिन हेल र सुयोसी तोबाको योगदान पनि उल्लेख्य छ । भाषाविज्ञान केन्द्रीय विभागमा स्नातकोत्तर तहका लागि तयार पारिएका शोधपत्रहरू, छिन्ताङ-पुमा अभिलेखीकरण परियोजना, बराम अभिलेखीकरण परियोजना र समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्सका तर्फबाट गरिएका नेपालका केही भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षणहरू नेपालको भाषिक सर्वेक्षणका अङ्गका रूपमा महत्त्वपूर्ण छन् । तर यी कुनै पनि प्रयास वर्तमान नेपालका भाषिक चुनौतीहरूको सामना गर्न सहयोग पुग्ने खालका थिएनन् । यी प्रयासमा एकातर्फ नेपालका सबै जनजातिका भाषाहरू समेटिएका थिएनन् भने अर्कातिर्फ पर्याप्त अभिलेखीकरण नहुनाले यिनीहरू निर्णायक एवं उपयोगी हुन सक्ने अवस्थामा थिएनन् ।

### ३.२ नेपालको भाषिक सर्वेक्षण

प्रजातन्त्रको पुनर्स्थापना पछि नेपालको जटिल भाषिक परिस्थितिलाई मध्यनजर गरी २०५० सालमा राष्ट्रिय भाषानीति सुझाव आयोग गठन गरियो । यसले नेपालमा बोलिने भाषाहरूको स्पष्ट पहिचानका लागि वैज्ञानिक र व्यवस्थित भाषिक सर्वेक्षण गर्नुपर्ने सुझाव दियो । यसबाहेक २०५८ को जनगणनाले नेपालको भाषिक विविधता र जटिलता दुवैलाई थप पुष्टि गरेको पाइयो । नेपालको अन्तरिम संविधान (२०६३) ले नेपाली नागरिकलाई मौलिक अधिकारका रूपमा भाषिक अधिकारलाई मान्यता दियो । सो अधिकारलाई सुनिश्चता प्रदान गरी वर्तमान नेपालका भाषिक चुनौतीहरूको सामना गर्न सहयोग पुऱ्याउन नेपालमा भाषिक सर्वेक्षण सुरु गर्नु पर्ने टड्कारो आवश्यकता महसुस गरियो । २०६५ सालमा राष्ट्रिय योजना आयोग, नेपाल सरकारबाट नेपालमा भाषिक सर्वेक्षण सम्बन्धमा खुला रूपमा प्रस्ताव आह्वान गरियो । सो आह्वानबमोजिम त्रिभुवन विश्वविद्यालयअन्तर्गतको भाषाविज्ञान केन्द्रीय विभागले नेपालको भाषिक सर्वेक्षण गर्न संक्षिप्त प्रस्ताव पेस गरेकामा सो विभागलाई विस्तृत प्रस्ताव तयार पार्ने जिम्मा दिइयो । अलिखित भाषाहरूका लागि लेखन पद्धतिको

विकास, प्राथमिक र प्रौढ शिक्षामा भाषाको भूमिका निर्धारण, लोप हुने अवस्थामा रहेका अल्पसङ्ख्यक भाषाहरूको पहिचान तथा अभिलेखीकरण र सरकारको सामाजिक समावेशीकरणको प्रावधान लागु गर्नु पर्ने जस्ता प्रमुख मुद्दालाई प्रस्तावको केन्द्रविन्दुका रूपमा राखी विस्तृत प्रस्ताव राष्ट्रिय योजना आयोगमा पेस गरियो । सो आयोगबाट प्रस्ताव स्वीकृत भएपछि **२०६५** साल चैत्र **२८** को पत्रअनुसार भाषाविज्ञान केन्द्रीय विभागलाई नेपालका भाषाहरूको सर्वेक्षण गर्ने जिम्मेवारी दिइएको थियो । **२०६५** सालको फाल्गुण **२३** (तदनुसार **२००९** मार्च महिनाको **६** तारिख) का दिन नेपालको भाषिक सर्वेक्षण परियोजनाको उद्घाटन गरिएको थियो । यस विभागले नेपालको भाषिक सर्वेक्षण परियोजनामार्फत **२०६५** सालको चैत्रदेखि नेपालका भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षण कार्य गरिरहेको पाइन्छ ।

### ३.२.१ सर्वेक्षणका लक्ष्य तथा उद्देश्य

जुनसुकै भाषिक पृष्ठभूमिका सबै नेपाली नागरिकलाई राष्ट्रको समग्र बनोटमा समावेश गर्ने गरी भाषिक अधिकार प्रदान गर्न आधार तयार गर्नु नेपालको भाषिक सर्वेक्षणको लक्ष्य रहेको पाइन्छ । यो लक्ष्य प्राप्तिका लागि नेपालको भाषिक सर्वेक्षणले मुख्य पाँचवटा उद्देश्यहरू राखेको थियो । ती उद्देश्यहरू यस प्रकार छन्:

(क) नेपालका सबै भाषाका भाषा र भाषिकाको नक्सासमेत समावेश भएको समाजभाषावैज्ञानिक विवरण तयार पार्ने;

(ख) कम्तीमा दशवटा भाषाको व्यावहारिक लेखन पद्धति, व्याकरणिक अवलोकन, त्रिभाषी शब्दार्थसूची र लोककथाहरूको प्रकाशन जस्ता आधारभूत वर्णन तयार पार्ने;

(ग) नेपालका भाषाहरूको समाजभाषावैज्ञानिक सूचना, व्याकरणिक सूचना, मौखिक तथा लिखित पाठहरू र शब्दावली जस्ता कुरा समावेश भएको पूर्ण डेटाबेस निर्माण तथा सञ्चालन गर्ने;

(घ) राष्ट्रिय शिक्षा प्रणालीमा मातृभाषा पाठ्यक्रमको विकास गर्न अझ राम्ररी बुझ्ने माध्यमका रूपमा मातृभाषा (औपचारिक तथा अनौपचारिक) शिक्षाको प्रयोगबारे विस्तृत विवरण तयार पार्ने; र

(ङ) सर्वेक्षणका हरेक गतिविधिका गुणस्तरीय लिखित तथा विद्युतीय सामग्री प्रकाशित गर्ने ।

### ३.२.२ सर्वेक्षणका कार्यनीति र पद्धति

नेपालका भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षण सुरुमा नै गर्ने कार्यनीति अपनाइयो । सर्वेक्षणको प्रयोजनका लागि नेपालका भाषाहरूलाई चेपाङ-भुजेल, तामाङ, खाम मगर, मानक मगर, नेवार, नेपाली र यसका भाषिका, तिब्बती, किरात (चार उपसमूह), तराई (चार उपसमूह) गरी नौ समूहमा विभाजन गरिएको छ । त्यस्तै नेपाली, मैथिली, भोजपुरी, नेवार जस्ता भाषाबाहेक नेपालका आदिवासी जनजातिले बोल्ने अधिकांश भाषाहरूको प्रयोग क्षेत्रको विस्तारको अभावमा लोपोन्मुख अवस्थामा छन् । त्यसैले सकेसम्म सबै भाषा-समूहको प्रतिनिधित्व हुने गरी अतिलोपोन्मुख र लोपोन्मुख भाषाहरूलाई प्राथमिकतामा राखेर सर्वेक्षण गर्ने नीति अवलम्बन गरियो ।
नेपालका भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षणका लागि मूलत: चार प्रकारका अनुसन्धानका साधनहरू जस्तै समाजभाषावैज्ञानिक प्रश्नावली, शब्दसूची, रेकर्ड गरिएको पाठ परीक्षण (RTT), वाक्य पुनरावृत्ति परीक्षण (SRT) चयन गरिएका छन् । समाजभाषावैज्ञानिक प्रश्नावलीलाई तीन खण्डमा विभाजन गरिएको छ । खण्ड 'क' को प्रयोग भाषासूचकको आफ्नो भाषामा भएका भाषिक सामग्री, मातृभाषामा दक्षता/बहुभाषिकता, भाषाको प्रयोग, भाषिक जीवन्तता, भाषिक निरन्तरता र भाषिक अभिवृत्ति जस्ता सूचना सङ्कलनका लागि गरिन्छ । खण्ड 'ख' सहभागितामूलक विधिमा आधारित छ । भाषाको प्रयोग, भाषिकागत सीमा निर्धारण, बहुभाषिकता र प्रशंसामूलक सोधखोज जस्ता सूचना सङ्कलनका लागि खण्ड 'ख' प्रयोग गरिन्छ । यसैगरी आफ्नो मातृभाषाको संरक्षण र सम्बर्धनका लागि भाषिक अभियन्ता (भाषिक आन्दोलनका अगुवा) र गाउँका मुखियाका विचार जान्न

खण्ड 'ग' प्रयोग गरिन्छ । मातृभाषी वक्ताहरूबाट लिइएको मानक शब्दसूचीका आधारमा भाषा र भाषिका समूहहरूलाई विभिन्न प्रतिशत स्तरमा एकीकृत गरेर शाब्दिक समानताको आधार विन्दु निर्धारण गर्न शब्दसूचीको प्रयोग गरिन्छ । भाषिक समूहबिच रहेको बोधगम्यताको स्तर निर्धारणका लागि रेकर्ड गरिएको पाठ परीक्षण (Recorded Text Test) प्रयोग गरिन्छ । वाक्य पुनरावृत्ति परीक्षण (Sentence Repetition Test) आफूले नबुझेको लामो र जटिल उच्चारण कसैले पनि शुद्धसँग दोहोऱ्याउन सक्दैन भन्ने मान्यता आधारित छ । भाषा बोल्ने क्षेत्रलाई मूलथलोबाट सुदूर पूर्व, सुदूर पश्चिम, सुदूर उत्तर र सुदूर दक्षिण गरी पाँच भागमा बाँडेर सर्वेक्षण गरिएको छ ।

### ३.२.३ सर्वेक्षणको व्यवस्थापन

नेपालको भाषिक सर्वेक्षण भाषाविज्ञान केन्द्रीय विभागलाई राष्ट्रिय योजना आयोगबाट दिने पक्कापक्की भइसकेपछि **२०६५** साल माघको **१०** गतेका दिन सो विभागअन्तर्गत प्रा. डा. योगेन्द्रप्रसाद यादव निर्देशक, प्रा.डा. चूडामणि बन्धु, प्रा.डा. तेजरत्न कंसाकार, प्रा.डा. माधवप्रसाद पोखरेल, प्रा.डा. नोवलकिशोर राई, डा. लवदेव अवस्थी, डा. कार्लग्रोभ, श्री स्टिफेन वाटर्स सदस्य र प्रा. निर्मलमान तुलाधर सदस्य-सचिव रहेको नेपालको भाषिक सर्वेक्षण व्यवस्थापन समिति गठन भएको देखिन्छ । पछि **२०६६** साल जेष्ठ **२** को व्यवस्थापन समितिको निर्णयअनुसार सो विभागका सह-प्राध्यापक डा. दानराज रेग्मीलाई सदस्यमा मनोनयन गरियो । सुरुका दिनदेखि नेपालको भाषिक सर्वेक्षणको निर्देशकका रूपमा कार्यभार सम्हाल्दै आउनुभएका प्रा.डा. योगेन्द्रप्रसाद यादवले **२०६६** कार्तिकदेखि उमेरका हदले अनिवार्य अवकाश पाउनुभयो । **२०६६** साल कार्तिक **१६** गतेको सो व्यवस्थापन समितिको बैठकले सो विभागका विभागीय प्रमुखको जिम्मेवारी वहन गरेका डा. दानराज रेग्मीलाई सो समितिको सह-निर्देशक बनाउने निर्णय गऱ्यो । प्रा.डा. योगेन्द्रप्रसाद यादवले निर्देशकको जिम्मेवारी वहन गर्दै आउनु भएकोमा सोही सालको माघ महिनामा विशेष कारणवश निर्देशकबाट तत्कालै राजिनामा दिएपछि केही समय भाषिक सर्वेक्षण दिशाविहीन हुन पुग्यो । सन् **२०१०** को मार्च **१** मा बसेको व्यवस्थापन समितिको बैठकले डा. दानराज रेग्मीलाई नै निर्देशक बनाउने निर्णय गरेपछि सर्वेक्षणले पुन: गति लिंदै आजका दिनसम्म आएको छ । **२०६९** साल पौषपछि प्रा.डा. योगेन्द्रप्रसाद यादवले सदस्यसमेतबाट राजिनामा दिएको देखिन्छ । व्यवस्थापन समितिमा समर इन्स्टिच्युट अफ लिङ्गिवस्टिक्सका तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यको प्राविधिक कारणले फेरबदलबाहेक अरू सबै यथावत् नै रही आफ्नो जिम्मेवारी निभाएको पाइन्छ ।

### ३.२.४ बजेटको व्यवस्था

राष्ट्रिय योजना आयोग, नेपाल सरकारबाट सर्वेक्षणको प्रस्ताव स्वीकृत गर्दा सर्वेक्षणको अवधि सात वर्षको हुने र कुल बजेट ने.रु. ४४,५८,४९,२०० (चवालिस करोड अन्ठाउन्न लाख उनन्चास हजार दुई सय) प्रस्ताव गरिएको थियो । नेपालको भाषिक सर्वेक्षणको सम्पूर्ण स्वामित्व नेपाल सरकार, राष्ट्रिय योजना आयोगल लिने र प्रारम्भमा बजेटको व्यवस्था पनि नेपाल सरकारले नै गराइदिने मौखिक समझदारी भएको थियो । नेपाल सरकारले आन्तरिक रूपमा व्यवस्था गर्न नसकेको रकम सरकारकै पहलमा विदेशी दात्री संस्थाबाट सहयोग जुटाइदिने समझदारी पनि भएको कुरा सो सर्वेक्षणमा सुरुका दिनदेखि सदस्य-सचिवका रूपमा जिम्मेवारी निभाउनु भएका प्रा. निर्मलमान तुलाधरले जानकारी गराउनु भएको छ ।

प्रस्ताव निर्माण गर्नबाहेक नेपाल सरकारबाट संस्कृति मन्त्रालयमार्फत पहिलो पटक नौ लाख र दोस्रो पटक सोह्र लाखको बजेट व्यवस्था गरियो । सर्वेक्षणका सुरुका तीन वर्ष आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानमार्फत भाषिक सर्वेक्षणलाई तीन चोटि गरी करिब पचहत्तर लाख उपलब्ध गराइएको पाइन्छ । त्यसपछि सो प्रतिष्ठानबाट कुनै रकम आउन सकेन । सर्वेक्षणका सुरुका वर्षमा शिक्षा मन्त्रालयबाट दुई आर्थिक वर्षमा गरी करिब बिस लाख उपलब्ध गराइएको थियो । समर इन्स्टिच्युट अफ लिङ्गिवस्टिक्स (Summer Institute of

Linguistics) बाट सर्वेक्षणको सुरुदेखि नै प्राविधिक, आर्थिक लगायत विभिन्न खालका लजिस्टिक सहयोग प्राप्त भइरहेको छ ।

आ.व.२०६५/६६ देखि आ.व. २०७२/७३ सम्म आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्स, संस्कृति मन्त्रालय, शिक्षा मन्त्रालय र त्रिभुवन विश्वविद्यालयबाट नेपालको भाषिक सर्वेक्षणका लागि प्राप्त भएको रकम र आ.व. २०७४/७५ सम्मको खर्चको विवरण तालिका ७ मा दिइएको छ ।

**तालिका ७: नेपालको भाषिक सर्वेक्षणले प्राप्त गरेका रकम र खर्चको विवरण**

| आ.व. | रकम प्राप्त (आम्दानी) | खर्च |
|---|---|---|
| ०६५/०६६ | ५४,२७,२०९ । ७५ | २४,५५,२५३ । ३० |
| ०६६/०६७ | ५७,७५,७८७ । ४५ | ५८,४०,९४० । ३५ |
| ०६७/०६८ | ४७,४६,९७५ । ७५ | ३९,४३,७७३ । ४९ |
| ०६८/०६९ | ४५,९६,६५७ । ०० | ३६,१५,४४९ । ५० |
| ०६९/०७०* | २०,००,००० । ०० | ५२,७३,५६५ । ६० |
| ०७०/०७१* | २०,००,००० । ०० | ३०,६५,९५४ । ४० |
| ०७१/०७२* | २०,००,००० । ०० | ९,६०,३०७ । ०० |
| ०७२/०७३* | ९,९१७०० । ०० | ८,३९३५५ । ४० |
| ०७४/०७५ | | १२,७१,४६९ । ८१ |
| **जम्मा** | **२,७५,३८,३२९,३२९ । ९५** | **२,७३,६६,०६८ । ८५** |

*समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्स मात्र

### ३.२.५ सर्वेक्षणको प्रगति विवरण

वि.सं. २०६५ देखि २०७४ साल कार्तिकसम्म करिब नौ वर्षको अवधिमा नेपालका करिब ९६ वटा भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण तथ्याङ्क सङ्कलन, ८८ वटा भाषाको पूर्ण समाजभाषावैज्ञानिक सर्वेक्षण प्रतिवेदन, ४ वटा भाषामा लेखन पद्धतिको प्रस्ताव, ७ वटा भाषामा मातृभाषामा आधारित पाठ्यपुस्तकको निर्माण र विकास, १२४ वटा आधारभूत भाषावैज्ञानिक जानकारी समावेश गरिएको एथ्नोलग: ल्याङ्ग्वजेज अफ नेपाल नामको पुस्तक प्रकाशन, भुजेल भाषाको समाजभाषावैज्ञानिक स्थितिका बारेमा पुस्तक प्रकाशन, समाजभाषावैज्ञानिक सर्वेक्षणका लागि १० जना भन्दा बढी दक्ष जनशक्तिको विकास गरिएको छ । २०५८ सालको जनगणनामा छुटेका नेपालका केही भाषाहरूले समाजभाषावैज्ञानिक सर्वेक्षणको प्रतिवेदनका आधारमा २०६८ को जनगणनामा राष्ट्रिय पहिचान पाएको अवस्था छ ।

#### (क) समाज भाषावैज्ञानिक सर्वेक्षण तथ्याङ्क सङ्कलन

नेपालमा बोलिने भाषाहरूको पहिचान गरी तिनीहरूको समाजभाषावैज्ञानिक अवस्थाको निर्क्योल गर्ने लक्ष्यका साथ २०६५ सालको चैत्र महिनाको २६ देखि झापा जिल्लामा पाइलट (परीक्षण) सर्वेक्षण सुरु गरिएको थियो। त्यसबाट आएका पृष्ठपोषणका आधारमा अनुसन्धानका साधनहरूलाई आवश्यक परिमार्जन गरी २०६६ मा नेपाली, नेवार, मैथिली, चेपाङ र लाप्चा भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण गरियो । ती भाषाहरूका तथ्याङ्कलाई कम्प्युटर डेटाबेसमा प्रविष्टि गरी तथ्याङ्कको सारांश तयार गरियो । विगतका वर्षको क्षेत्रगत अध्ययनको अनुभवका आधारमा अनुसन्धानका साधनहरूलाई अझ परिमार्जन गरी २०६६ मा अध्ययन समाप्त नभएका नेपाली र नेवारसहित थप नयाँ दुई भाषाहरू: भुजेल र याक्खा भाषाको सर्वेक्षण गरियो । ती भाषाहरूका

तथ्याङ्कलाई कम्प्युटर डेटाबेसमा प्रविष्टि गर्ने कार्य पनि सम्पन्न भई तथ्याङ्कको सार (data summary) तयार गरी प्रतिवेदन लेखनको कार्यलाई अगाडि बढाएर सात भाषाहरूमा जस्तै भुजेल, चेपाङ, बोटे, लाप्चा, याक्खा, नेवार र मैथिलीको भाषा प्रयोग र भाषाप्रतिको वक्ताको अभिवृत्तिमा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । साथै लिपिको विकास नभएका भुजेल, चेपाङ, बोटे र याक्खा भाषामा मातृभाषामा आधारित बहुभाषिक शिक्षाका लागि पाठ्यसामाग्री तयार पार्ने प्रयोजनका लागि लेखन पद्धतिको प्रस्तावको प्रतिवेदन पनि तयार पारिएको थियो । लिपिको विकास भइसकेका लाप्चा, नेवार र मैथिलीमा पनि सकेसम्म वैज्ञानिक लेखन पद्धतिलाई अगाडि सारियो । यी भाषाहरूमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाका लागि विषयको साथै माध्यमका रूपमा सरकारको पाठ्यक्रमको आधारमा प्राथमिक तहका लागि भाषा, समाज, संस्कृति अनुकूलका नमुना पाठ्यपुस्तक तथा पाठ्य सामग्री तयार गर्ने प्रयास गरियो । २०६८ सालमा काइके, छ्लुङ, सन्थाली, जिरेल, बोटे, मगर (ढुट) भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षण सम्पन्न गरियो । २०६९को जेठ-असाढमा सुदुर पश्चिमाञ्चलमा बोलिने रानाथारू, डगौरा थारू, सोनाहा, खोनाहा, ब्याँसी, डोटियाली, बझाङ्गी, बाजुरेली, बैतेडेली, आछामी, दार्चुलेली राजी र राउटे जस्ता भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरियो । २०६९ को असोज-कार्तिकमा भोजपुरी, अवधी, खाम, छन्त्याल, गुरुङ र कुमाल भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन तयार पारियो । २०७० सालको आषाढ महिनामा दुमी, कोयी, धिमाल, राजबंशी, ताजपुरिया, कोचे, गन्गाई, मेचे, उराँव, किसान, मालपाहँडे, खडिया, माझी र तिलुङ गरी १४ वटा भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन तयार पारियो । २०७० साल पुस-माघमा बज्जिका, कठरिया थारू, कुलुङ, थुलुङ, साम्पाङ, खालिङ, वाम्बुले, नाछिरिङ गरी ८ वटा भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण गरिएको थियो । त्यसैगरी २०७१ सालको असोज-कार्तिकमा दराई, मेवाहाङ, दुङमाली, थामी र दनुवार गरी ५ वटा भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण गरियो । त्यसैगरी २०७२ साल पुस-माघमा चितौनिया थारू, आठपहरे, फाङ्दुवाली, सुनुवार, र मगही गरी ५ वटा भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण गरियो । त्यसैगरी २०७३ साल असोज-कार्तिक महिनामा अङ्गिका, बान्तावा, चाम्लिङ, घले/गुरुङ, जुम्ली नेपाली र लिम्बु ६ भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण गरिएको पाइन्छ । त्यसैगरी २०७४ सालको जेठ-आषाढ महिनामा थकाली, धुलेली, जेरो/जेरुङ, हायु, सुरेल र शेर्पा र २०७४ सालकै असोज-कार्तिक महिनामा ल्होवा, पूर्वी तामाङ, बेलहारे, पुमा र छिन्ताङ भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण गरिएको पाइन्छ ।

यो बाहेक भाषाविज्ञान केन्द्रीय विभागको सहकार्यमा बराम, छिन्ताङ र पुमा जस्ता भाषाहरूको जातिभाषिक अभिलेखीकरण कार्य भइसकिएको छ । हालै दुरा भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण पनि सकिएको छ । यसरी हालसम्म भाषाविज्ञान केन्द्रीय विभागअन्तर्गत नेपालको भाषिक सर्वेक्षणले ८५ वटा र विभागको सहकार्यमा समर इन्स्टिच्युट अफ लिङ्गिवस्टिक्सले ११ वटा भाषा (याम्फु, लोहोरुङ, कागते, गुरुङ, पूर्वी मगर, पश्चिमी तामाङ, कोचिला थारू, डोट्याली, हुम्ला तिब्बती, डगौरा थारू र वालुङ्गे) गरी जम्मा ९६ वटा भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण भइसकेको छ । पाइलट सर्वेक्षण देखि डा. अम्बिका रेग्मी र राजेन्द्र ठोकरले अन्त सम्म नै अनुसन्धाताको रूपमा काम गरेको पाइन्छ। तालिका ८ मा पाइलट सर्भेसहित हालसम्म समाजभाषावैज्ञानिक सर्वेक्षण सम्पन्न भएका भाषाहरूको विवरण दिइएको छ । [८]

[८] परिशिष्ट ३ मा समाजभाषावैज्ञानिक सर्वेक्षणमा संलग्न व्यक्तिहरूको विवरण दिइएको छ।

**तालिका ८: पाइलट सर्भेसहित समाजभाषावैज्ञानिक सर्वेक्षण भएका नेपालका भाषाहरू**

| क्र.सं. | सर्वेक्षण साल | भाषाहरूको सङ्ख्या | सर्वेक्षण भएका भाषाहरू |
|---|---|---|---|
| १. | २०६५ | ३१ | **झापामा पाइलट सर्भे** (मेचे, सन्थाल, करुवा, तामाङ, मालपाहँडे, दनुवार, बाङ्ला, उर्दु, थारू, भोजपुरी, साम्पाङ, नेपाली, मुन्डा, मैथिली, हिन्दी, गुरुङ, मारवाडी, खडिया, चाम्लिङ, बान्तावा, धिमाल, लिम्बु, ताजपुरिया, राजवंशी, सुनुवार, उराँव, मगर, कुलुङ, मगही, नेवार र जोङ्खा) |
| २. | २०६६ | ५ | मैथिली, नेवार, नेपाली, लाप्चा र चेपाङ |
| ३. | २०६७ | ४ | नेवार, नेपाली, याक्खा र भुजेल [9] |
| ४. | २०६८ | ६ | मगर काइके, छ्लुङ, सन्थाली, जिरेल, बोटे र मगर(ढुट) |
| ५. | २०६९(क) | १४ | रानाथारू, डगौरा थारू, सोनाहा, खोनाहा, ब्याँसी, डोट्याली, बझाङ्गी, बाजुरेली, बैतेडेली, आछामी, दार्चुलेली, राजी र राउटे |
| ६. | २०६९(ख) | ६ | भोजपुरी, अवधी, खाम, छन्त्याल, गुरुङ र कुमाल |
| ७. | २०७०(क) | १३ | दुमी, कोयी, धिमाल, राजबंशी, ताजपुरिया, कोचे, गन्गाई, मेचे, उराँव, किसान, मालपाहँडे, खडिया, माझी र तिलुङ |
| ८. | २०७०(ख) | ९ | बज्जिका, कठरिया थारू, कुलुङ, थलुङ, साम्पाङ, खालिङ, वाम्बुले, नाछिरिङ र दुरा |
| ९. | २०७१ | ५ | दराई, मेवाहाङ, थामी, दनुवार र दुङ्माली |
| १०. | २०७२ | ५ | चितौनिया थारू, आठपहरे, फाङ्दुवाली, सुनुवार र मगही |
| ११. | २०७३ | ६ | अङ्गिका, बान्तावा, चाम्लिङ, घले/गुरुङ, जुम्ली नेपाली र लिम्बु |
| १२. | २०७४(क) | ६ | थकाली, धुलेली, जेरो/जेरुङ, हायु, सुरेल र शेर्पा |
| १३. | २०७४(ख) | ५ | ल्होवा, पूर्वी तामाङ, बेलहारे, पुमा, छिन्ताङ |
| १४. | सर्वेक्षणको सहकार्यमा समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्स, नेपाल | ११ | याम्फु, लोहोरुङ, कागते, गुरुङ, पूर्वी मगर, पश्चिमी तामाङ, कोचिला थारु, डोट्याली, हुम्ला तिब्बेती, डगौरा थारू, दिवस राई, वालुङ्गे |

### (ख) समाज भाषावैज्ञानिक सर्वेक्षण प्रतिवेदन लेखन

पूर्ण प्रतिवेदन लेखन कार्य समय, सिप र ज्ञानको स्तरको हिसाबले जटिल कार्य भएकाले सुरुमा सर्वेक्षण भएका भाषाहरूको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन तयार गरियो । त्यसपछि पूर्ण प्रतिबेदन लेखन कार्यलाई अगाडि बढाएको पाइन्छ । हालसम्म नेवार, चेपाङ, नेपाली, भुजेल, मगर काइके, जिरेल, सन्थाल, बोटे, मगर ढुट, रानाथारू,

[9] नेवार र नेपालीमा थप सर्वेक्षण गरिएको पाइन्छ।

डगौरा थारू, ब्याँसी, राजी, राउटे, डोट्याली, अछामी, बैतडेली, दार्चुलेली, बझाङ्गी, बाजुरेली, अवधी, छन्त्याल, कुमाल, भोजपुरी, मगर खाम, दुमी, कोयी, मेचे/बोडो, धिमाल, राजबंशी र ताजपुरिया, बज्जिका, कठरिया थारू, उराँव, किसान, खडिया, याक्खा, कुलुङ, थुलुङ, छुलुङ, गुरुङ, माझी, सोनाहा, खोनाहा, मैथिली, दनुवार, साम्पाङ, खालिङ, वाम्बुले, नाछिरिङ, दराई, मेवाहाङ, थामी, दुङमाली, आठपहरे र फाङदुवाली, चितौनिया थारू, सुनुवार, मगही, अङ्गिका, बान्तावा, चाम्लिङ, घले/गुरुङ, जुम्ली नेपाली, लिम्बु, धुलेली र थकाली भाषाहरूको पूर्ण प्रतिवेदन लेखनकार्य सम्पन्न भएको छ भने जेरो/जेरुङ, हायु, सुरेल, शेर्पा, ल्होवा, पूर्वी तामाङ, बेलहारे, पुमा, छिन्ताङ भाषाहरूको पूर्ण प्रतिवेदन लेखन कार्य भइरहेको छ । [10]

### (ग) लेखन पद्धतिको प्रस्ताव

लिपिको विकास नभएका भुजेल, चेपाङ, बोटे र याक्खा जस्ता ४ वटा भाषामा मातृभाषामा आधारित बहुभाषिक शिक्षाका लागि पाठ्यसामग्री तयार पार्ने प्रयोजनका लागि लेखन पद्धतिको प्रस्तावको प्रतिवेदन पनि तयार पारिएको छ ।

### (घ) मातृभाषामा आधारित पाठ्यपुस्तकको निर्माण र विकास

लिपिको विकास नभएका भुजेल, चेपाङ्, बोटे र याक्खा र लिपिको विकास भइसकेका लाप्चा, नेवार र मैथिलीमा भाषामा मातृभाषामा आधारित बहुभाषिक शिक्षाका लागि विषयको साथै माध्यमका रूपमा नेपाल सरकारको पाठ्यक्रमको आधारमा प्राथमिक तहका लागि भाषा, समाज र संस्कृति अनुकूलका नमुना पाठ्यपुस्तक तथा पाठ्य सामग्री तयार पारिएको छ ।

### (ङ) एथ्नोलगः ल्याङ्ग्वजेज अफ नेपालको परिमार्जन तथा प्रकाशन

समर इन्टिच्युट अफ लिङ्गिस्टिक्स इन्टर्नेसनल र नेपालको भाषिक सर्वेक्षण तथा भाषाविज्ञान केन्द्रीय विभागको संयुक्त प्रयासमा नेपालमा बोलिने करिब १२४ वटा भाषाहरूको आधारभूत भाषागत जानकारी समेटिएको एथ्नोलग ल्याङ्ग्वजेज अफ नेपालको सम्पादन तथा परिमार्जन गरियो । त्यसलाई अङ्ग्रेजी र नेपाली दुवै भाषामा नेपाली संस्करणका रूपमा सन् २०१२ मा प्रकाशन गरियो ।

### (च) भुजेल भाषाको समाजभाषावैज्ञानिक स्थितिको बारेको पुस्तक प्रकाशन

भुजेल समाज सेवा समिति, केन्द्रीय समितिको प्रयास र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक सहयोगमा सन् २०१२ मा भुजेल भाषाको समाजभाषावैज्ञानिक स्थितिको बारेमा पुस्तक प्रकाशन गरिएको छ ।

### (छ) जनशक्तिको विकास

नेपालको भाषिक सर्वेक्षण जस्तो बहुपक्षीय परियोजनालाई व्यवस्थित प्रकारले सञ्चालन गर्न चाहिने आवश्यक जनशक्ति उत्पादन गर्ने ध्येयले परियोजनाको थालनीदेखि नै भाषिक सर्वेक्षणमा अनुसन्धाता तथा भाषा समूह प्रमुखका रूपमा कार्य गर्ने शिक्षकहरूलाई नेपालको भाषिक सर्वेक्षण र समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्सको संयुक्त तत्वावधानमा विशेष तालिम र पुनःताजगीकरणका लागि विभिन्न समयमा विभिन्न प्राकारका तालिम तथा कार्यशाला गोष्ठीको आयोजना गरियो । तालिका ९ मा विभिन्न समयमा आयोजना गरिएका केही प्रमुख कार्यशाला गोष्ठी तथा तालिमको विवरण दिइएको छ ।

[10] परिशिष्ट ४ मा समाजभाषावैज्ञानिक सर्वेक्षण प्रतिवेदन लेखनको विवरण दिइएको छ।

**तालिका ९: कार्यशाला गोष्ठी तथा तालिमको विवरण**

| क्र.सं. | तलिम/ कार्यशाला | साल | अवधि |
|---|---|---|---|
| १. | समाज भाषावैज्ञानिक पद्धति | २००९ इ. | १९-२१ जनावरी |
| २. | ध्वनिवैज्ञानिक तालिम | २००९ इ. | ११-१५ मे |
| ३. | भाषा विकासमा लागिपेरका समुदायका लागि सहभागितामूलक पद्धति | २००९ इ. | १८-२२ मे |
| ४. | समाज भाषावैज्ञानिक प्रश्नावली: अनुसन्धान तथा विश्लेषण | २००९ इ. | २६-२८ मे |
| ५. | वर्डसर्भ तालिम | २००९ इ. | २९ मे |
| ६. | पाठ परीक्षण (RTT) र वाक्य पुनरावृत्ति परिक्षण(SRT)तालिम | २००९ इ. | १६-१७ जुन |
| ७. | सोधपूछ (Debriefing) | २००९ इ. | १६-१७ अगष्ट |
| ८. | सहभागितामूलक पद्धति, तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन | २००९ इ. | ३० नोभेम्बर-४डिसेम्बर |
| ९. | समाजभाषावैज्ञानिक प्रश्नावली: तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन | २०१० इ. | २३-२८ जनावरी |
| १०. | समाज भाषावैज्ञानिक प्रश्नावली: तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन | २०१० इ. | २३-२८ जनावरी |
| ११. | परिमार्जित समाज भाषावैज्ञानिक प्रश्नावलीबारे अन्तर्क्रिया | २०१० इ. | १९ अप्रिल |
| १२. | तथ्याङ्क सारांश प्रणाली | २०१० इ. | ६ सेप्टम्वर |
| १३. | वर्डसर्भ ताजगीकरण तालिम | २०१० इ. | ३-४ नोभेम्बर |
| १४. | पाठ परीक्षण (RTT) र वाक्य पुनरावृत्ति परीक्षण (SRT) तालिम | २०११ इ. | २१-२५मार्च |
| १५. | भाषाविकासका लागि दिगो प्रयोग मोडेल ( ३ क्रेडिट घन्टाको) | २०१२ इ. | ३० जनावरी-फेब्रुअरी १० |
| १६. | क्षेत्रगत ध्वनिविज्ञान र समाजभाषावैज्ञानिक पद्धति | २०१३ इ. | ९- १३ जुन |
| १७. | प्रतिवेदन लेखन | २०१४ इ. | २८- २९ जुलाई |
| १८. | सहभागितामूलक अभ्यास, भाषिका म्यापिङ विश्लेषण, बहुभाषिकाता, प्रश्नावलीको विश्लेषणमा एक्सेलको प्रयोग | २०१५ इ. | ३०- ३१ जुलाई |
| १९. | सर्वेक्षण प्रतिवेदनका लागि नक्सा र नैतिक प्रश्न, प्रश्नावलीको विश्लेषणमा एक्सेलको प्रयोग र क्षेत्रगत ध्वनिविज्ञान | २०१६ इ. | १३- १४ सेप्टेम्बर |
| २०. | प्रतिवेदन र तथ्याङ्कको आर्काइभिङ | २०१७ इ. | ६ नोभेम्बर |

यस बाहेक नेपालको भाषिक सर्वेक्षण जस्तो बहुपक्षीय परियोजनालाई व्यवस्थित प्रकारले सञ्चालन गर्न चाहिने आवश्यक जनशक्ति उत्पादन गर्ने ध्येयले सन् २००८ मा विभागमा कार्यरत तीनजना शिक्षकलाई संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया राज्यको सान्ता बार्बारा स्थित युनिभर्सिटी अफ क्यालिफोर्नियामा इन्फिल्ड: क्षेत्र भाषाविज्ञान र भाषाहरूको अभिलेखीकरण बारेको तालिममा पठाइयो । यी सम्पूर्ण कार्यशाला गोष्ठी, तालिम र विशेष कोर्सबाट करिब ३० जनाले भाषिक सर्वेक्षण लागि चाहिने आवश्यक ज्ञान प्राप्त गरिसकेका छन् ।

**(ज) भाषिक पहिचानमा सहयोग**

नेपाल सरकार, संस्कृति मन्त्रालयको आर्थिक सहयोगमा सुदुर पश्चिमाञ्चलमा बोलिने प्रमुख भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षण २०६९ सालमा गरियो । यसै सर्वेक्षणको प्रतिवेदनका आधारमा त्यस क्षेत्रमा बोलिने डोट्याली, सोनाहा, अछामी, बझाङ्गी र बैतडेली जस्ता भाषाहरूलाई २०६८ सालको राष्ट्रिय जनगणनाले स्वतन्त्र मातृभाषाका रूपमा मान्यता प्रदान गरेको अवस्था छ ।

**(झ) भोट-बर्मेली भाषाहरूको आनुवांशिक वर्गीकरण**

नेपालमा बोलिने भोट-बर्मेली भाषाहरूको अनुवांशिक वर्गीकरणलाई नेपालको भाषिक सर्वेक्षण र समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्सको संयुक्त प्रयासमा अद्यावधिक गरिएको छ । यसलाई नेपालको भाषिक सर्वेक्षणका प्रतिवेदन र सन् २०१२ मा प्रकाशित एथ्नोलग: ल्याङ्ग्वेजेज अफ नेपालमा प्रयोग गरिएको छ ।

**(ञ) भाषा आयोग र विभाग बिच सहकार्यका लागि समझदारी**

नेपालका भाषाहरूको संरक्षण संवर्धनका सन्दर्भमा भाषिक अध्ययन, अनुसन्धान र अभिलेखीकरणमा सहकार्य गर्न भाषा आयोग र भाषाविज्ञान केन्द्रीय विभागका बिच २०७४ साल कार्तिक १७ गते समझदारी पत्रमा हस्ताक्षर भएको छ । त्यसैअनुरूप नेपालको भाषिक सर्वेक्षणले समाजभाषावैज्ञानिक सर्वेक्षण गर्न बाँकी रहेका १५ भाषाहरू (ग्होल्मो, ल्होमी, बाहिङ, मुसलमान, दैलेखी, पहरी, डोल्पाली, मनाङे, बनकरिया, पोइँके, मारवाडी, सेके, कुर्माली, कुके र नुब्री) को समाजभाषावैज्ञानिक सर्वेक्षण गर्ने जिम्मा विभागलाई भाषा आयोगले दिएको छ ।

**३.२.६ सर्वेक्षणले भोगेका चुनौती**

नेपालको भाषिक सर्वेक्षणले प्रारम्भदेखि नै विभिन्न प्रकारका चुनौतीहरूको सामना गर्दै आएको पाइन्छ । ती चुनौती वा समस्याहरूलाई छोटकरीमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**(क) बजेटको अभाव**

नेपालको भाषिक सर्वेक्षणले भोगेको सबै भन्दा ठुलो समस्या भनेको बजेटको अभाव हो । सात बर्से सर्वेक्षणका लागि प्रस्तावित कुल बजेट ने.रु. ४४,५८,४९,२०० थियो । हालसम्म नेपाल सरकार, संस्कृति मन्त्रालय, शिक्षा मन्त्रालय, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान, स्थानीय विकास मन्त्रालय, त्रिभुवन विश्वविद्यालयबाट सर्वेक्षण सञ्चालन गर्न केही मात्र आर्थिक सहयोग प्राप्त भएको पाइन्छ । त्यसैगरी समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्स (Summer Institute of Linguistics) बाट सर्वेक्षणको सुरुदेखि नै प्राविधिक, आर्थिक र विभिन्न खालका लजिस्टिक सहयोग प्राप्त भइरहेको देखिन्छ ।

**(ख) जनचेतनाको कमी र निराशा**

नेपालका धेरै भाषिक समुदायमा अझै पनि शिक्षाको कमीको कारणले भाषिक सर्वेक्षणको महत्त्वका बारेमा जानकारी गराउन ज्यादै गाह्रो भयो । राउटे जस्ता आदिवासी जनजातिबाट भाषिक सूचना प्राप्त गर्न ज्यादै कठिनाइको सामना गर्नुपरेको थियो । सरकारी रूपमा उदासिनता वा विशेष कार्यनीतिको अभावका कारण एकातिर

भाषिक समुदायलाई सर्वेक्षणको उपादेयता र अनिवार्यताबारे चेतना जगाउन गाह्रो वा जटिल बन्दै गएको थियो भने अर्कोतर्फ भाषिक सर्वेक्षणमा प्रस्ताव लेखनदेखि नै संलग्न विशेषज्ञ तथा पाइलट सर्वेक्षण देखि नै संलग्न अनुसन्धाताहरूमा क्रमश: नैराश्य छाएको पाइन्छ । सम्बन्धित पक्ष (सरकार, भाषासँग सम्बन्धित कार्य गर्ने सरकारी तथा गैर-सरकारी संघ-संस्था र भाषिक समुदायले सैद्धान्तिक रूपमा भाषिक सर्वेक्षणको अनिवार्यतालाई नकार्न नसके पनि नीतिगत निर्णय भइसकेको अहम् कुरालाई पनि कार्यान्वियनमा ल्याउन आलटाल गर्ने वा उदासीनता देखाउने वा सहयोग गर्न हिचकिचाउने गरेका कारणले नेपालको भाषिक सर्वेक्षण आशातीत गति लिन सकेन ।

**(ग) भौगोलिक विकटता**

नेपालका धेरै भाषिक समुदायहरू हिमालको काखमा, जङ्गलको माझमा र आधुनिक यातयातले नछोएका स्थानमा छरिएर रहेकाले सर्वेक्षण गर्न गाह्रो भयो । नेपालको विषम भौगोलिक अवस्थाले सर्वेक्षणलाई बढी खर्चिलो बनाएको पनि पाइन्छ ।

**(घ) बसाइँ-सराइ**

नेपालका धेरै भाषिक समुदाय रोजगारी र अन्य अवसरका लागि बसाइ-सराइ गर्ने कार्यले गर्दा मूलथलो छाड्ने क्रम बढेको छ । त्यसले पनि सर्वेक्षणलाई असर पारेको पाइन्छ ।

**(ङ) राजनैतिक अस्थिरता**

सर्वेक्षण कालमा देशमा राजनैतिक अस्थिरता रह्यो । यसबाट पनि भाषिक सर्वेक्षणले ज्यादै कष्ट सहनु परिरहेको कुरा तितो सत्य हो । हरेक आर्थिक वर्षमा बजेटमा सर्वेक्षणलाई समावेश गराउनका लागि निकायका पदाधिकारीका ढोका घचघचाइ रहँदा पनि नियमित बजेटमा सर्वेक्षण पर्न सकेन । राष्ट्रिय योजना आयोगले सर्वेक्षणको स्वामित्व ग्रहण गरे पनि आवश्यक बजेटको व्यवस्था निरन्तर रूपमा गराउन सकेको देखिएन ।

**(च) सकारात्मक धारणाको अभाव**

राष्ट्रिय जनगणनाको क्रममा गरिने भाषिक गणना र भाषिक सर्वेक्षणको बिचको भिन्नताका बारेमा राम्रोसँग सर्वसाधारण र प्राज्ञिक जगतमा चर्चा गर्न नसकिएको कारणले सर्वेक्षणले सकारात्मक धारणाको विकास गर्न गाह्रो परेको थियो । केही भाषिक समुदायले त भाषिक सर्वेक्षणले गरेका कामप्रति विरोध नै गरे । यथार्थ कुराको जानकारी भएपछि मात्र सम्बन्ध सुध्रन गएको थियो ।

**(छ) प्रभावकारी औजारको निर्माण तथा डेटाबेसको व्यवस्थापनमा कठिनाइ**

नेपालका सबै भाषा परिवारका भाषाहरूमा सहजै प्रयोग गर्न सकिने प्रभावकारी औजारको निर्माण गर्नु पनि सजिलो छैन । सर्वेक्षणका सम्पूर्ण सूचनालाई सहज प्राप्य डेटाबेसमा प्रविष्टि दिन र व्यवस्थित गर्न वा सङ्ग्रह गर्न पनि विविध कारणले गर्दा गाह्रो भएको अनुभव सर्वेक्षणको रहेको छ ।

**(ज) भाषिक समुदाय बिच सुमधुर सम्बन्ध कायम गर्न समस्या**

भाषिक समुदाय बिच सुमधुर सम्बन्ध कायम नभएसम्म भाषाहरूको सर्वेक्षणलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सकिँदैन । धेरै जातिभाषिक समुदायहरू जातीय पहिचानको मुद्दालाई भाषासँग गाँसेर अगाडि बढिरहेकाले भाषिक सर्वेक्षणले कसैलाई सकारात्मक र कसैलाई नकारात्मक प्रभाव पार्ने डरले पनि भाषिक समुदाय बिच सुमधुर सम्बन्ध कायम गर्न गाह्रो परेको थियो ।

### ३.२.७ सर्वेक्षणका सीमाहरू

नेपाल जस्तो सङ्घीयतातर्फ उन्मुख मुलुकमा पनि भाषिक सर्वेक्षण जस्तो महत्त्वपूर्ण परियोजनाले राष्ट्रिय प्राथमिकता पाएको देखिएन । क्रमिक रूपमा बजेटमा समावेश नगरिनाले साह्रै न्यून बजेटको कारणले सर्वेक्षणको प्रस्तावमा तय गरेका सबै उद्देश्यहरू पूरा गर्न सकिएन । प्रस्तावमा उल्लेख गरिएका सबै उद्देश्य तिर नलागी पहिलो उद्देश्यलाई सकेसम्म पूरा गर्ने तिर लाग्नुपर्ने बाध्यता सृजना हुन पुग्यो । त्यसैले समाजभाषावैज्ञानिक सर्वेक्षणलाई उपलब्ध बजेटले भ्याएसम्म मितव्ययिताको सिद्धान्त अँगाली अगाडि बढाइएको पाइन्छ । यस बाहेक सर्वेक्षणका अरू सीमाहरू पनि छन् । केही मुख्य सीमालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

(क) नियमित र उपयुक्त बजेटको अभावका कारणले सर्वेक्षणको पाइलट सर्वेक्षणदेखि निरन्तर रूपमा काम गरेका अनुसन्धातालाई पनि नियमित करारमा राखेर काम गराउन सर्वेक्षणले सकेन । सर्वेक्षणको महत्त्वलाई मनन गरी न्यून पारिश्रमिकमा भए पनि अनुसन्धाताहरूले सर्वेक्षणको क्षेत्रकार्य र प्रतिवेदन लेखनलाई अगाडि बढाउन मद्दत गरेको पाइन्छ ।

(ख) भाषाअनुसार जीवन्तताको स्थिति, वक्ता सङ्ख्या र प्रयोगको स्थितिलाई हेरेर सर्वेक्षणका साधनहरूलाई अनुकूलन नगरी नेपालका सबै खाले भाषाहरूलाई एउटै खालका सर्वेक्षणका साधनहरू अपनाइयो ।

(ग) भाषिकाहरूको पनि विकास भएका भाषाहरूका लागि बढी समय र जनशक्तिको आवश्यकता पर्ने भए पनि साना ठुला सबै भाषाहरूलाई लगभग उस्तै समय र जनशक्तिको प्रयोग गरिएको पाइन्छ ।

(घ) नेपालका भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षणका लागि चार प्रकारका अनुसन्धानका साधनहरू जस्तै समाजभाषावैज्ञानिक प्रश्नावली, शब्दसूची, रेकर्ड गरिएको पाठ परीक्षण (RTT) र वाक्य पुनरावृत्ति परीक्षण (SRT) चयन गरिए पनि एक दुई भाषामा बाहेक अरूमा पाठ परीक्षण (RTT) र वाक्य पुनरावृत्ति परीक्षण (SRT) जस्ता साधनको प्रयोग गर्न सकिएको पाइँदैन ।

(ङ) समाजभाषावैज्ञानिक प्रश्नावलीलाई पाइलट सर्वेक्षण पछि परिमार्जन गर्ने प्रयास गरिए पनि समाजभाषावैज्ञानिक प्रश्नावली (क) मा रहेको अन्तर्जातीय विवाहसम्बन्धी प्रश्नहरू नेपालका राई-किराती समुदायमा बाहेक अरू समुदायका लागि खासै उपयोगी नभए पनि प्रयोग गरिँदै आएको पाइन्छ ।

(च) २१० आधारभूत शब्दसूचीमा विशेषत: तरकारी र फलफूलका नाम नेपालका लगभग सबै भाषामा स्तरीय नेपालीका नै रहेकाले ती शब्दहरूको प्रयोगको अर्थ खासै देखिएन । सुरुका सर्वेक्षणमा सङ्कलित शब्दहरूलाई रेकर्ड गरिने गरिएको भए तापनि पछिका सर्वेक्षणमा भने ध्वनितात्त्विक वर्णमालाका आधारमा आलेखन मात्र गर्न सकिएको पाइन्छ ।

(छ) कग नामक प्रविधिको विकास भएपछि मात्र लेखिएका प्रतिवेदनहरूमा २१० शब्दसूचीको विश्लेषणबाट शब्दगत तथा ध्वनिगत भिन्नताका बारेमा जानकारी दिन सकिएको पाइन्छ ।

(ज) कम वक्ता सङ्ख्या र शिक्षाको स्तर कम भएको भाषिक समुदायमा सबै सहभागितामूलक पद्धतिलाई प्रभावकारी रूपमा प्रयोग गर्न सकिएको देखिँदैन ।

(झ) साना भाषाहरूमा तथ्याङ्क सङ्कलनमा लिङ्ग, उमेर र साक्षरता जस्ता सबै आधारहरूलाई पालना समान रूपमा गर्न सकिएको छैन ।

(ञ) अन्तर्राष्ट्रिय समुदायलाई पनि नेपालका भाषाहरूको स्थितिका बारेमा जानकारी दिने र भाषाको संरक्षण र विकासमा सहयोग जुटाउने उद्देश्यले प्रतिवेदन लेखनको भाषा नेपाली नभएर अङ्ग्रेजी रहन गएको छ ।

## ५. उपसंहार

नेपाल भाषिक रूपमा धनी मुलुक भए पनि दिन प्रतिदिन विशेषतः आदिवासी जनजातिले बोल्ने भाषाहरू नेपाली भाषातिर अपसरण हुँदै लोपोन्मुख अवस्थामा पुगेका छन् । भाषा र भाषिकाको सङ्ख्या र तिनीहरूको जीवन्तताको स्थितिबारे निर्विवाद जानकारी अझै प्राप्त हुन सकेको छैन । नेपालका करिब ५६% भाषाहरूको जीवन्तताको स्थिति दयनीय छ । नेपालका थुप्रै भाषाहरू अलिखित अवस्थामा नै छन् । बहुभाषिकताको मर्मअनुसार सरकार र भाषिक समुदायले अगाडि बढ्न सकेको छैन । समाजभाषावैज्ञानिक सर्वेक्षण बाहेक नेपालका थुप्रै भाषाहरूमा व्याकरण लेखन, शब्दकोश सम्पादन र मातृभाषामा पाठ्यसामाग्रीको निर्माण जस्ता कामहरू भएका छैनन् । समाजभाषावैज्ञानिक सर्वेक्षण भाषा सम्बन्धी अध्ययन अनुसन्धानको मूल आधार हो । विगतका विभिन्न अध्ययन र २०५८ सालसम्मका नेपालका राष्ट्रिय जनगणनाहरूले देखाएको जटिल भाषिक परिस्थितिको यथार्थ तथ्य बाहिर ल्याउन नेपालका भाषाहरूको सर्वेक्षण गर्नु पर्ने टड्कारो आवश्यकता थियो । सो कुरालाई मनन गरी नेपाल सरकार, राष्ट्रिय योजना आयोगले भाषाविज्ञान केन्द्रीय विभागलाई नेपालका भाषाहरूको सर्वेक्षण गर्ने जिम्मेवारी दिए अनुसार यस विभागले सामाजभाषावैज्ञानिक सर्वेक्षणलाई टुङ्ग्याउने अवस्थामा पुगेको छ । विभिन्न चुनौती र सीमाहरू रहँदा रहँदै पनि यस सर्वेक्षणले नेपालको आधारभूत समाजभाषिक चित्र कोर्ने प्रयास गरेको छ । विभिन्न भाषाहरूमा तयार भएका प्रि-फाइनल सामाजभाषावैज्ञानिक प्रतिवेदनहरूलाई विभागको वेबसाइट www.cdltu.edu.np राखिएको छ । यी प्रतिवेदनहरूबाट भाषा आयोग लगायत सम्बन्धित सबैलाई भाषा र भाषिकाको पहिचान, अल्पसङ्ख्यक वक्ता भएको भाषाका भाषावैज्ञानिक पहिचान, संरक्षण, संवर्धन र विकास साथै  जातिभाषिक राष्ट्रिय पहिचानलाई सहजीकरण गर्ने काममा मद्दत पुग्न सक्छ । राष्ट्रको जीवनका हरेक क्षेत्रमा सबैलाई सहज रूपमा समावेश गराई देशलाई शान्ति र विकासका बाटामा अग्रसर गराउनका लागि दीर्घकालीन एक राष्ट्रिय भाषा योजनाको खाँचो छ । यसका लागि भाषिक सर्वेक्षणले उतारेको नेपालको आधारभूत समाजभाषिक चित्रणले दिशाबोध गरेका कुराहरूलाई भाषिक समुदाय, भाषाविज्ञान केन्द्रीय विभाग र भाषा आयोग जस्ता सम्बद्ध निकायले मनन गर्दै परम्परागत ज्ञानको खानी र जातीय पहिचानको धरोहरका रूपमा रहेका नेपालका समग्र भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि अगाडि बढ्नु आजको आवश्यकता हो ।

## सहयोगी सामाग्री


राष्ट्रिय योजना आयोग, नेपाल सरकार (२०६५): नेपालको भाषिक सर्वेक्षण: प्रस्ताव, भाषाविज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

रेग्मी, दानराज (२०६८): नेपालको भाषिक सर्वेक्षण: एक सिंहावलोकन, *मिमिरे,* भाषा विशेषाङ्क, वर्ष वर्ष ४०, अङ्क १, पूर्णाङ्क ३०८ ।

रेग्मी, दानराज (२०७०): नेपालको वर्तमान भाषिक अवस्था, *गरिमा,* मार्ग (२०७०साल), पूर्णाङ्क ३७२ ।

अङ्ग्रेजी

Central Bureau of Statistics. 2001. *Population census*, Kathmandu: National Planning Commission.

Central Bureau of Statistics. 2012. *National population and housing census 2011: National report.* Kathmandu: National Planning Commission.

Eppele, M. John, Paul Lewis, Dan Raj Regmi and Yogendra P. Yadava (eds.) 2012. *Ethnologue:  Languages of Nepal*, Kathmandu: Central Department of Linguistics and SIL Intenational.

Grierson, George A. [1909] 1967. *Linguistic survey of India*. Delhi: Motilal Banarsidas.

Gordon, Raymond G. Jr., (ed.). 2005. *Ethnologue: Languages of the World, 15th edition* Dallas, Texas: SIL International.

Government of Nepal. *Interim constitution of Nepal, 2007.* Kathmandu.

Lewis, M. P. and Simons, G. F. 2010. "Assessing Endangerment: Expanding Fishman's GIDS." *Revue Romaine de Linguistique* 55.103-120.

Malla, K.P. 1989. Langauge and Society in Nepal. In Malla, (ed.), *Nepalese perspectives on continuity and change*, Kathmandu: CNAS.

Regmi, Dan Raj. 2010." Linguistic survey of Nepal: Progress, challenges and prospect." A paper presented at the Linguistic Survey of Nepal: Progress,Challenges and Prospect and Field Report Presentation Workshop held on 21June 2010, at Seminar Hall, Central Department of Linguistics, T.U.

Regmi, Dan Raj. 2011. "Linguistic surveys in Nepal: A glimpse." *TU Bulletin Special* 2011-12, 2011. Tribhuvan University, Nepal.

Regmi, Dan Raj. 2012. "Multilingual education in Nepal: Policy and practice." *TU Bulletin Special,* 2012. Tribhuvan University, Nepal.

Regmi, Dan Raj. 2017. Convalescing the endangered languages in Nepal: policy, practice and challenges, *Gipan* Vol.3.1, January, 2017.

Toba, Sueyoshi. 2004. "Present status of reearch/publication on languages of Nepal." *Nepalese linguiatics*, 20: 148-53.

Toba, S. 1992. *Language issues in Nepal*. Kathmandu: Samdan Books and Stationers.

Yadava, Yogendra P. 2003. "Language." *Population monograph in Nepal*. 1:137-171. Kathmandu: Central Bureau Statistics.

Yadava, Yogendra. P. 2004. "Pattern of language endangerment in Nepal: An approximation." A paper presented at the silver jubilee conference of Linguistic Society of Nepal, Kathmandu.

## परिशिष्ट

## परिशिष्ट १: २०५८ र २०६८ का जनगणना अनुसार नेपालका भाषा र वक्तासङ्ख्या

| | जनगणना (२०६८) | | जनगणना (२०५८) | |
|---|---|---|---|---|
| भाषा परिवार | भाषा | वक्ता सङ्ख्या | भाषा | वक्ता सङ्ख्या |
| भारोपेली | नेपाली | ११८२६९५३ | नेपाली | ११०५३२५५ |
| | मैथिली | ३०९२५३० | मैथिली | २७९७५८२ |
| | भोजपुरी | १५८४९५८ | भोजपुरी | १७१२५३६ |
| | थारू | १५२९८७५ | थारू | १३३१५४६ |
| | बज्जिका | ७९३४१६ | बज्जिका | २३७९४७ |
| | डोटेली | ७८७८२७ | | |
| | उर्दु | ६९१५४६ | उर्दु | १७४८४० |
| | अवधी | ५०१७५२ | अवधी | ५६०७४४ |
| | बैतडेली | २७२५२४ | | |
| | आछामी | १४२७८७ | | |
| | राजबंशी | १२२२१४ | राजबंशी | १२९८२९ |
| | हिन्दी | ७७५६९ | हिन्दी | १०५७६५ |
| | बझाङी | ६७५८१ | | |
| | दनुवार | ४५८२१ | दनुवार | ३१८४९ |
| | मगही | ३५६१४ | मगही | ३० |
| | राजस्थानी | २५३९४ | राजस्थानी/मारबाडी | २२६३७ |
| | माझी | २४४२२ | माझी | २१८४१ |
| | बाङ्ला/बङ्ग्याली | २१०६१ | बाङ्ला/बङ्ग्याली | २३६०२ |
| | ताजपुरिया | १८८११ | | |
| | अङ्गिका | १८५५५ | अङ्गिका | १५८९२ |
| | कुमाल | १२२२२ | कुमाल | ६५३३ |
| | दराई | ११६७७ | दराई | १०२१० |
| | बाजुरेली | १०७०४ | | |
| | बोटे | ८७६६ | बोटे | २८२३ |
| | दार्चुलेली | ५९२८ | | |
| | साङ्केतिक भाषा | ४४७६ | साङ्केतिक भाषा | ५७४३ |
| | गन्गाइ | ३६१२ | | |
| | दैलेखी | ३१०२ | | |
| | अङ्ग्रेजी | २०३२ | अङ्ग्रेजी | १०३७ |
| | खस | १७४७ | | |
| | संस्कृत | १६६९ | संस्कृत | ८२३ |
| | किसान | ११७८ | किसान | ४८९ |
| | मुसल्मान | १०७५ | चुरौटी | ४०८ |

| | | | | |
|---|---|---|---|---|
| | हरियान्वी | ८८९ | हरियान्वी | ३३ |
| | जुम्ली | ८५१ | | |
| | पन्जाबी | ८०८ | पन्जाबी | ११६५ |
| | उडिया | ५८४ | उडिया | १५९ |
| | सोनाहा | ५७९ | | |
| | सिन्धी | ५१८ | सिन्धी | ७२ |
| | डडेलधुरी | ४८८ | | |
| | आसामी | ४६७ | आसामी | ३ |
| | माल्पाँडे | २४७ | | |
| | कुर्माली | २२७ | कुर्माली | १३ |
| | सधानी | १२२ | सधानी | २ |
| | गढवाली | ३८ | | |
| | फ्रेञ्च/फ्रान्सेली | ३४ | | |
| | रसियाली | १७ | | |
| | स्पेनेली | १६ | | |
| | अरबी | ८ | | |
| चीन-तिब्बती | तामाङ | १३५३३११ | तामाङ | ११७९१४५ |
| | नेवार | ८४६५५७ | नेवार | ८२५४५८ |
| | मगर | ७८८५३० | मगर | ७७०११६ |
| | लिम्बु | ३४३६०३ | लिम्बु | ३३३६३३ |
| | गुरुङ | ३२५६२२ | गुरुङ | ३३८९२५ |
| | राई | १५९११४ | | |
| | बान्तावा | १३२५८३ | बान्तावा | ३७१०५६ |
| | शेर्पा | ११४८३० | शेर्पा | १२९७७१ |
| | चाम्लिङ | ७६८०० | चाम्लिङ | ४४०९३ |
| | चेपाङ | ४८४३६ | चेपाङ | ३६८०७ |
| | सुनुवार | ३७८९८ | सुनुवार | २६६११ |
| | कुलुङ | ३३१७० | कुलुङ | १८६८६ |
| | खाम (मगर) | २७११३ | | |
| | थाङ्मी | २३१५१ | थामी | १८९९१ |
| | भुजेल | २१७१७ | भुजेल/खवास | १०७३३ |
| | थुलुङ | २०६५९ | थुलुङ | १४०३४ |
| | याक्खा | १९५५८ | याक्खा | १४६४८ |
| | धिमाल | १९३०० | धिमाल | १७३०८ |
| | साम्पाङ | १८२७० | साम्पाङ | १०८१० |
| | खालिङ | १४४६७ | खालिङ | ९२८८ |
| | वाम्बुले | १३४७० | वाम्बुले | ४४७१ |
| | बाहिङ | ११६५८ | बाहिङ | २७६५ |

| | | | | |
|---|---|---|---|---|
| | य्होल्मो | १०१६७ | य्होल्मो | ३९८६ |
| | नाछेरिङ | १००४१ | नाछेरिङ | ३५५३ |
| | याम्फु | ९२०८ | याम्फु | १७२२ |
| | घले | ८०९२ | घले | १६४९ |
| | दुमी | ७६३८ | दुमी | ५२७१ |
| | लाप्चा | ७४९९ | लाप्चा | २८२६ |
| | पुमा | ६६८६ | पुमा | ४३१० |
| | दुङ्माली | ६२६० | दुङ्माली | २२१ |
| | आठपरिया | ५५३० | | |
| | थकाली | ५२४२ | थकाली | ६४४१ |
| | जिरेल | ४८२९ | जिरेल | ४९१९ |
| | मेवाहाङ | ४६५० | मेवाहाङ | ९०४ |
| | तिब्बती | ४४४५ | तिब्बती | ५२७७ |
| | मेचे | ४३७५ | मेचे | ३३०१ |
| | छन्त्याल | ४२८३ | छन्त्याल | ५९१२ |
| | राजी | ३७५८ | राजी | २४१३ |
| | लोहोरुङ | ३७१६ | लोहोरुङ | १२०७ |
| | छिन्ताङ | ३७१२ | छिन्ताङ | ८ |
| | पहरी | ३४५८ | पहरी | २९९५ |
| | ल्होपा | ३०२९ | | |
| | दुरा | २१५६ | दुरा | ३३९७ |
| | कोचे | २०८० | कोचे | ५४ |
| | छिलिङ | २०४६ | छिलिङ | १३१४ |
| | जेरो/जेरुङ | १७६३ | जेरो/जेरुङ | २७१ |
| | डोल्पाली | १६६७ | | |
| | हायु | १५२० | हायु | १७४३ |
| | तिलुङ | १४२४ | तिलुङ | ३१० |
| | कोयी | १२७१ | कोयी | २६४१ |
| | वालिङ | ११६९ | | |
| | ल्होमी | ८०८ | ल्होमी | ४ |
| | बेलहारे | ५९९ | | |
| | ब्याँसी | ४८० | ब्याँसी | १७३४ |
| | खाम्ची (राउटे) | ४६१ | राउटे | ५१८ |
| | साम | ४०१ | साम | २३ |
| | मनाङे | ३९२ | | |
| | धुलेली | ३४७ | | |
| | फाङ्दुआली | २९० | | |
| | सुरेल | २८७ | | |

| | | | | |
|---|---|---|---|---|
| | चिनिया | २४२ | चाइनिज | ११०१ |
| | बराम | १५५ | बराम | ३४२ |
| | लिङ्खिम | १२९ | लिङ्खिम | ९७ |
| | कागते | ९९ | कागते | १० |
| | जोङ्खा | ८० | जोङ्खा | ९ |
| | बनकरिया | ६९ | | |
| | काइके | ५० | काइके | ७९४ |
| | मिजो | ३२ | मिजो | ८ |
| | कुकी | २९ | कुकी | ९ |
| | नागामी | १० | नागामी | ६ |
| आग्नेसियाली | सन्थाली | ४९८५९ | सन्थाली | ४०२६० |
| | खरिया | २३८ | खरिया | १५७५ |
| द्रबिड | उराँव | ३३६५१ | झाँगर/धाँगर | २८६१५ |
| एकलभाषा | कुसुन्डा | २८ | कुसुन्डा | ८७ |
| | १२३ | २,६४,९४,५०४ | ९२ | २,२७,३६,९३४ |

**परिशिष्ट २: नेपालका भाषाहरूको जीवन्तताको स्थिति**

| तह | लेबल | परिभाषा | २०६८ का जनगणानाका भाषा | कैफियत |
|---|---|---|---|---|
| ०. | अन्तर्राष्ट्रिय ६(४.९%) | विस्तृत प्रकारका कामकाजका लागि अन्तर्राष्ट्रिय स्तरमा प्रयोग हुने भाषा | चिनिया, अङ्ग्रेजी, स्पेनेली, रसियाली, अरबी र फ्रान्सेली | सुरक्षित |
| १. | राष्ट्रिय १(०.८%) | शिक्षा, सरकारी कामकाज, आम संचारमा राष्ट्रिय स्तरमा प्रयोग हुने भाषा | नेपाली | सुरक्षित |
| २. | क्षेत्रीय २(१.६%) | स्थानीय तथा क्षेत्रीय तहमा आमसंचार र सरकारी सेवामा प्रयोग हुने भाषा | | सुरक्षित |
| ३. | कामधन्दा/ व्यापक सञ्चार २(१.६२%) | मित्र र बाहिरका दुबैले स्थानीय तथा क्षेत्रीय स्तरका कामकाजमा प्रयोग गर्ने भाषा | हिन्दी, नेवार | सुरक्षित |
| ४. | शैक्षिक ८(६.५०%) | साक्षरताका लागि माध्यम वा विषयका रूपमा प्रयोग हुने भाषा | मैथिली, अवधी, उर्दु, भोजपुरी, डोटेली, तिब्बती, बङ्गाली, सन्थाली | सुरक्षित |
| ५. | लेख्य/ विकासशील ६(४.८७%) | सबै उमेर समूहका व्यक्तिले प्रयोग गर्ने र समुदायमा प्रभावकारी किसिमले लिखित रूपमा प्रयोग हुने भाषा | तामाङ, थारू, राजस्थानी, राजबंशी, ल्होमी, शेर्पा | सुरक्षित |

| | | | | |
|---|---|---|---|---|
| ६(क) | प्रवल<br>३० (२४.३९%) | सबै उमेर समुहका व्यक्तिले मौखिक रूपमा प्रयोग गर्ने र समुदायका बालबलिकाले पहिलो भाषाका रूपमा सिक्ने भाषा | कोइ, काइके, कागते, किसान, कुकी, खाम, खालिङ, नेपाली साङ्केतिक भाषा, जुम्ली, गन्गाइ, वाहिङ, ब्याङ्सी, राउटे, ल्होपा, थुलुङ, य्होल्मो, वाम्बुले, बैतडेली, आछामी, बफाङ्गी, ताजपरिया, बाजुरेली, दार्चुलेली, दैलेखी, खस, मुसलमान, पन्जाबी, डडेलधुरी, बज्जिका | सुरक्षित |
| ६(ख) | संकटापन्न<br>**५१**<br>(४१.४६%) | मौखिक रूपमा सबै उमेर समुहका व्यक्तिले प्रयोग गर्ने र तर बच्चा जन्माउने उमेरका केहीले मात्र आफ्ना बालबलिकालाई त्यो भाषा बोल्न सिकाउने | अङ्गिका, उराँव, कुलुङ, खडिया, गुरुङ, घले, चाम्लिङ, चेपाङ, छन्त्याल, जिरेल, जेरुङ, थाङ्मी, दराई, दुङ्माली, धिमाल, पुमा, बान्तावा, बेलहारे, बोटे, मगर, मनाङे, माभी, मेचे, मेवाहाङ, याक्खा, याम्फु, राजी, लिम्बु, लोहोरुङ, साङ्पाङ, सुनुवार, नागामी, मिजो, बनकरिया, सुरेल, धुलेली, डोल्पाली, पहरी, छिन्ताङ, आठपहरिया, किसान, हरियानी, उडिया, सिन्धी, आसामी, माल्पाँडे, कुर्माली, गढवाली, राइ, मगही, कोचे | |
| ७. | अपसरणशील<br>**११**(८.९४%) | बच्चा जन्माउने उमेर समुहका आफूहरू बिच कुरा गर्नका लागि भाषाको राम्रो ज्ञान भएको तर कसैले पनि आफ्ना बालबालिकालाई त्यो भाषा बोल्न नसिकाउने वा नसार्ने | कुमाल, छुलुङ, थकाली, दनुवार, दुमी, नाछेरिङ, फाङ्दुवाली, भुजेल, लाप्चा, हायु, सोनाहा | |
| ८(क) | मरणासन्न | सक्रिय वक्ताका रूपमा हजुरबुबा र हजुरआमाले मात्र प्रयोग गर्ने भाषा | | |

| | | | | |
|---|---|---|---|---|
| ८(ख) | मृतप्राय ६(४.८७%) | हजुरबुबा र हजुरआमा वा बुढापाकाले पनि प्रयोग गर्न अवसर ज्यादै कम मात्रामा प्राप्त गर्ने भाषा | तिलुङ, दुरा, कुसुन्डा, बराम, लिङ्खिम, साम | |
| ९. | सुषुप्त १(०.८%) | प्रतीकात्मक दक्षता रहेको र समुदायको जातीय पहिचानको रुपमा मात्र शेष रहेको भाषा | संस्कृत | |
| १०. | लोप भइसकेको १(०.८%) | प्रतीकात्मक उद्देश्यका लागि मात्र पनि भाषासंग गाँसिएको पहिचान गुमाइ सकेको भाषा | वालिङ | |
| | | | १२३ | |

## परिशिष्ट ३: समाजभाषावैज्ञानिक सर्वेक्षणमा संलग्न व्यक्तिहरू

| क्र.सं. | भाषा | संलग्न व्यक्तिहरू |
|---|---|---|
| १. | नेवार | सुलोचना सापकोटा, शोभा कुमारी महतो, नारायण गौतम, किशोर राई र प्रा. डा. तेजरत्न कंसाकार |
| २. | चेपाङ | सुरेन सापकोटा, राम किसुन उराँव, पद्मा तिमिल्सिना र डा. दानराज रेग्मी |
| ३. | नेपाली | अम्बिका रेग्मी, वीर बहादुर खड्का, रचना पौडेल, उत्तम बजगाईं र प्रा.डा. चुडामणि बन्धु |
| ४. | मैथिली | देव नारायण यादव, इन्द्रेश ठाकुर, प्रमोद साह, रविन्द्र प्रसाद दास र कृष्ण साह |
| ५. | लाप्चा | नेत्रमणि राई, राजेन्द्र ठोकर, सकिन्द्र कुमार लिम्बु, किशोर राई र प्रा.डा. नोवल किशोर राई |
| ६. | भुजेल | अम्बिका रेग्मी, रबिन्द्र प्रसाद दास, रमेश खत्री र डा. दानराज रेग्मी |
| ७. | याक्खा | नेत्रमणि राई, राजेन्द्र ठोकर, किशोर राई र प्रा.डा. नोवल किशोर राई |
| ८. | मगर काइके | अम्बिका रेग्मी, भीमलाल गौतम, होली हिल्टी, बेन्जामिन हिल्टी र डा. दानराज रेग्मी |
| ९. | जिरेल | डा. दुबीनन्द ढकाल र सुरेन सापकोटा |
| १०. | सन्थाल | शोभा कुमारी महतो र कृष्ण साह |
| ११. | बोटे | सुलोचना सापकोटा र रविन्द्र प्रासाद दास |
| १२. | मगर ढुट | इन्द्रेश ठाकुर र रमेश खत्री |
| १३. | छुलुङ | नेत्रमणि दुमी, राजेन्द्र ठोकर र प्रा.डा. नोवल किशोर राई |
| १४. | रानाथारू | अम्बिका रेग्मी, गोपाल ठाकुर, देव नारायण यादव, सूर्य प्रसाद यादव, इन्द्रेश ठाकुर र प्रा.डा. दानराज रेग्मी |
| १५. | डँगौरा थारू | अम्बिका रेग्मी, गोपाल ठाकुर, देव नारायण यादव, सूर्य प्रसाद यादव, इन्द्रेश ठाकुर र प्रा.डा. दानराज रेग्मी |
| १६. | ब्याँसी | नेत्रमणि राई र राजेन्द्र ठोकर |

| | | |
|---|---|---|
| १७. | राजी | कर्णाखिर खतिवडा र रबिन्द्र प्रसाद दास |
| १८. | राउटे | लेखनाथ शर्मा पाठक, तारामणि राई र प्रा.डा. चुडामणि बन्धु |
| १९. | डोट्याली, अछामी, बैतडेली, दार्चुलेली | सुरेन सापकोटा, हर्क बहादुर शाही र प्रा.डा. माधवप्रसाद पोखरेल |
| २०. | बझाङ्गी., बाजुरेली | कृष्ण प्रसाद चालिसे र डा. लक्ष्मीराज पंडित |
| २१. | सोनाहा, खोनाहा | अम्बिका रेग्मी, गोपाल ठाकुर, देव नारायण यादव, सूर्य प्रसाद यादव, इन्द्रेश ठाकुर र प्रा.डा. दानराज रेग्मी |
| २२. | अवधी | इन्द्रेश ठाकुर, भीमलाल गौतम, गोपाल ठाकुर, अम्बिका रेग्मी र प्रा.डा. दानराज रेग्मी |
| २३. | छन्त्याल | देव नारायण यादव र सुलोचना सापकोटा |
| २४. | कुमाल | नेत्रमणि राई र राजेन्द्र ठोकर र प्रा.डा. नोवल किशोर राई |
| २५. | भोजपुरी | इन्द्रेश ठाकुर, भीमलाल गौतम, गोपाल ठाकुर, अम्बिका रेग्मी र प्रा.डा. दानराज रेग्मी |
| २६. | मगर खाम | सुरेन सापकोटा र रमेश खत्री, ओमकारेश्वर श्रेष्ठ, सूर्य प्रसाद यादव र प्रा.डा. माधवप्रसाद पोखरेल |
| २७. | गुरुङ | कृष्ण प्रसाद चालिसे र तारामणि राई |
| २८. | दुमी | नेत्रमणि राई, राजेन्द्र ठोकर र प्रा.डा. नोवल किशोर राई |
| २९. | कोयी, तिलुङ | तारामणि राई र ओमकारेश्वर श्रेष्ठ |
| ३०. | उरावँ | रामकिसुन उराँव र सुलोचना सापकोटा |
| ३१. | खडिया | बिनोद दाहाल, देवनारायण यादव, अम्बिका रेग्मी, भीमलाल गौतम र इन्द्रेश ठाकुर, गोपाल ठाकुर र प्रा.डा. दानराज रेग्मी |
| ३२. | मेचे/बोडो | सुरेन सापकोटा र डिल्लीराम अधिकारी |
| ३३. | धिमाल | कर्णाखिर खतिवडा, अम्बिका रेग्मी र प्रा.डा. दानराज रेग्मी |
| ३४. | माझी | कृष्ण प्रसाद चालिसे र डा. लक्ष्मीराज पंडित |
| ३५. | साद्री/ किसान, मालपाँहाडे | शोभा कुमारी महतो र राम कुमार यादव |
| ३६. | कोचे, गन्गाइ | बिनोद दाहाल, देवनारायण यादव, अम्बिका रेग्मी, भीमलाल गौतम र इन्द्रेश ठाकुर, गोपाल ठाकुर र प्रा.डा. दानराज रेग्मी |
| ३७. | राजबंशी, ताजपुरिया | बिनोद दाहाल, देवनारायण यादव, अम्बिका रेग्मी, भीमलाल गौतम र इन्द्रेश ठाकुर, गोपाल ठाकुर र प्रा.डा. दानराज रेग्मी |
| ३८. | बज्जिका | इन्द्रेश ठाकुर, विश्वनाथ खनाल, अम्बिका रेग्मी, गोपाल ठाकुर र प्रा.डा. दानराज रेग्मी |
| ३९. | कठरिया | इन्द्रेश ठाकुर, विश्वनाथ खनाल, अम्बिका रेग्मी, गोपाल ठाकुर र प्रा.डा. दानराज रेग्मी |
| ४०. | कुलुङ | सूर्य प्रसाद यादव र डिल्लीराम अधिकारी |

| | | |
|---|---|---|
| ४१. | थलुङ | भीमलाल गौतम र सुरेन सापकोटा |
| ४२. | साम्पाङ | नेत्रमणि राई, राजेन्द्र ठोकर र प्रा.डा. नोवल किशोर राई |
| ४३. | खालिङ | तारामणि राई र राम कुमार यादव |
| ४४. | वाम्बुले | कृष्ण प्रसाद चालिसे र लक्ष्मीराज पंडित |
| ४५. | नाछिरिङ | विनोद दाहाल र रमेश साह |
| ४६. | दुरा | तारामणि राई, सुरेन सापकोटा, अम्बिका रेग्मी, सूर्य प्रसाद यादव |
| ४७. | दराइ | अम्बिका रेग्मी, इन्द्रेश ठाकुर र प्रा.डा. दानराज रेग्मी |
| ४८. | मेबाहाङ | नेत्रमणि राई र राजेन्द्र ठोकर |
| ४९. | दुङमाली | तारामणि राई र सूर्य प्रसाद यादव |
| ५०. | थामी | गोपाल ठाकुर र सोभा कुमारी महतो |
| ५१. | दनुवार | कृष्ण प्रसाद चालिसे र रविन्द्र दास |
| ५२. | चितौनिया थारू | डा.अम्बिका रेग्मी, विश्वनाथ खनाल, सूर्य प्रसाद यादव, भीमलाल गौतम र प्रा.डा. दानराज रेग्मी |
| ५३. | आठपहरे | डा. अम्बिका रेग्मी, विश्वनाथ खनाल, सूर्य प्रसाद यादव, भीमलाल गौतम र प्रा.डा. दानराज रेग्मी |
| ५४. | फाङ्दुवाली | डा. नेत्रमणि राई, राजेन्द्र ठोकर र प्रा.डा. नोवल किशोर राई |
| ५५. | सुनुवार | कृष्ण प्रसाद चालिसे र डिल्लीराम अधिकारी |
| ५६. | मगही | इन्द्रेश ठाकुर र गोपाल ठाकुर |
| ५७. | जुम्ली नेपाली | डिल्लीराम आधिकारी र डा. लक्ष्मीराज पंडित |
| ५८. | अङ्गिका | डा.अम्बिका रेग्मी र सूर्य प्रसाद यादव |
| ५९. | घले-गुरुङ | कृष्ण प्रसाद चालिसे र प्रतिज्ञा रेग्मी |
| ६०. | चाम्लिङ | डा. तारामणि राई र सिजार तामाङ |
| ६१. | बान्तावा | डा. नेत्रमणि राई र राजेन्द्र ठोकर |
| ६२. | लिम्बु | भीमलाल गौतम र इन्द्रेश ठाकुर, |
| ६३. | थकाली | डा.अम्बिका रेग्मी र कृष्ण प्रसाद चालिसे |
| ६४. | धुलेली | भीमलाल गौतम, डा. लक्ष्मीराज पंडित र प्रा.डा. दानराज रेग्मी |
| ६५. | सुरेल | डा. दुबीनन्द ढकाल र प्रतिज्ञा रेग्मी |
| ६६. | जेरो/जेरुङ | डा. नेत्रमणि राई र राजेन्द्र ठोकर |
| ६७. | हायु | डा. तारामणि राई र सिजार तामाङ |
| ६८. | शेर्पा | किशोर शेर्पा र सूर्य प्रसाद यादव |
| ६९. | ल्होवा | भीमलाल गौतम, डा. लक्ष्मीराज पंडित र प्रा.डा. दानराज रेग्मी |
| ७०. | पूर्वी तामाङ | अमृत योञ्जन तामाङ र सूर्य प्रसाद यादव |
| ७१. | बेलहारे | डा.अम्बिका रेग्मी र कृष्ण प्रसाद चालिसे |
| ७२. | पुमा | डा. तारामणि राई र सिजार तामाङ |
| ७३. | छिन्ताङ | डा. नेत्रमणि राई र राजेन्द्र ठोकर |

**परिशिष्ट ४: समाजभाषावैज्ञानिक सर्वेक्षण भएका भाषाहरूको प्रतिवेदन लेखनको विवरण**

| क्र.सं. | भाषा | प्रतिवेदन लेखक | निर्देशन |
|---|---|---|---|
| १. | नेवार | तेजरत्न कंसाकार | प्रा.डा.तेजरत्न कंसाकार |
| २. | चेपाङ | सुरेन सापकोटा र रामकिसुन उराँव | प्रा.डा. दानराज रेग्मी |
| ३. | नेपाली | इन्द्रेश ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| ४. | मैथिली | इन्द्रेश ठाकुर र सूर्य प्रसाद यादव | प्रा.डा. दानराज रेग्मी |
| ५. | लाप्चा | इन्द्रेश ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| ६. | भुजेल | दानराज रेग्मी र अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ७. | याक्खा | नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. दानराज रेग्मी |
| ८. | मगर काइके | अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ९. | जिरेल | डा.दुबिनन्द ढकाल | प्रा.डा. तेजरत्न कंसाकार |
| १०. | सन्थाल | शोभा कुमारी महतो | प्रा.डा. निर्मलमान तुलाधर |
| ११. | बोटे | डा. ओमकारेश्वर श्रेष्ठ र सुलोचना सापकोटा | प्रा.डा. दानराज रेग्मी |
| १२. | मगर ढुट | इन्द्रेश ठाकुर | प्रा.डा. माधव प्रसाद पोखरेल |
| १३. | छुलुङ | डा. नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. नोवल किशोर राई |
| १४. | रानाथारू | गोपाल ठाकुर र अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| १५. | डँगौरा थारू | इन्द्रेश ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| १६. | ब्याँसी | नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. नोवल किशोर राई |
| १७. | राजी | कर्णाखर खतिवडा र बलराम प्रसाईं | प्रा.डा. निर्मलमान तुलाधर |
| १८. | राउटे | तारामणि राई र लेखनाथ शर्मा पाठक | प्रा.डा. दानराज रेग्मी |
| १९. | डोट्याली, अछामी, बैतडेली, दार्चुलेली | सुरेन सापकोटा | प्रा.डा. दानराज रेग्मी |
| २०. | बझाङ्गी, बाजुरेली | कृष्ण प्रसाद चालिसे | प्रा.डा. दानराज रेग्मी |
| २१. | सोनाहा, खोनाहा | इन्द्रेश ठाकुर र गोपाल ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| २२. | अवधी | इन्द्रेश ठाकुर र सूर्य प्रसाद यादव | प्रा.डा. दानराज रेग्मी |
| २३. | छन्त्याल | देव नारायण यादव र सुलोचना सापकोटा | प्रा.डा. दानराज रेग्मी |
| २४. | कुमाल | नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. नोवल किशोर राई |
| २५. | भोजपुरी | गोपाल ठाकुर र अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| २६. | मगर खाम | सुरेन सापकोटा | प्रा.डा. दानराज रेग्मी |

| | | | |
|---|---|---|---|
| २७. | गुरुङ | तारामणि राई र कृष्ण प्रसाद चालिसे | प्रा.डा. दानराज रेग्मी |
| २८. | दुमी | नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. नोवल किशोर राई |
| २९. | कोयी | डा. तारामणि राई | प्रा.डा. दानराज रेग्मी |
| ३०. | उरावँ | राम किसुन उराँव | प्रा.डा. दानराज रेग्मी |
| ३१. | खडिया | बिनोद दाहाल र देव नारायण यादव | प्रा.डा. दानराज रेग्मी |
| ३२. | मेचे/बोडो | सुरेन सापकोटा | प्रा.डा. दानराज रेग्मी |
| ३३. | धिमाल | कर्णाखर खतिवडा र अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ३४. | माझी | कृष्ण प्रसाद चालिसे | प्रा.डा. दानराज रेग्मी |
| ३५. | साद्री/ किसान | शोभा कुमारी महतो | प्रा.डा. दानराज रेग्मी |
| ३६. | कोचे, गन्गाइ | भीमलाल गौतम र इन्द्रेश ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| ३७. | राजबंशी, ताजपरिया | सूर्य प्रसाद यादव | प्रा.डा. दानराज रेग्मी |
| ३८. | बज्जिका | डा. बलराम प्रसाईं, दानराज रेग्मी र डा. अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ३९. | कठरिया | डा. अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ४०. | कुलुङ | सूर्य प्रसाद यादव | प्रा.डा. दानराज रेग्मी |
| ४१. | थलुङ | सुरेन सापकोटा | प्रा.डा. दानराज रेग्मी |
| ४२. | साम्पाङ | नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. नोवल किशोर राई |
| ४३. | खालिङ | तारामणि राई | प्रा.डा. दानराज रेग्मी |
| ४४ | वाम्बुले | कृष्ण प्रसाद चालिसे | प्रा.डा. दानराज रेग्मी |
| ४५. | नाछिरिङ | डा. अम्बिका रेग्मी र इन्द्रेश ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| ४६. | दुङ्माली | तारामणि राई र सूर्य प्रसाद यादव | प्रा.डा. दानराज रेग्मी |
| ४७. | दनुवार | डा. अम्बिका रेग्मी र इन्द्रेश ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| ४८. | दराई | डा. अम्बिका रेग्मी र इन्द्रेश ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| ४९. | थामी | गोपाल ठाकुर र सोभा कुमारी महतो | प्रा.डा. दानराज रेग्मी |
| ५०. | मेवाहाङ | नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. नोवल किशोर राई |
| ५१. | आठपरिया | डा. अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ५२. | चितौनिया थारू | सूर्य प्रसाद यादव | प्रा.डा. दानराज रेग्मी |
| ५३. | सुनुवार | कृष्ण प्रसाद चालिसे | प्रा.डा. दानराज रेग्मी |
| ५४. | मगही | इन्द्रेश ठाकुर र गोपाल ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| ५५. | फाङ्दुवाली | नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. नोवल किशोर राई |
| ५६. | जुम्ली नेपाली | डिल्लीराम अधिकारी | प्रा.डा. दानराज रेग्मी |
| ५७. | अङ्गिका | डा. अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ५८. | घले/ गुरुङ | कृष्ण प्रसाद चालिसे र प्रतिज्ञा रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ५९. | चामलिङ | डा. तारामणि राई | प्रा.डा. दानराज रेग्मी |

| | | | |
|---|---|---|---|
| ६०. | बान्तावा | नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. नोवल किशोर राई |
| ६१. | लिम्बु | भीमलाल गौतम र इन्द्रेश ठाकुर | प्रा.डा. दानराज रेग्मी |
| ६२. | थकाली | डा. अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ६३. | धुलेली | डा. बलराम प्रसाईं र दानराज रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ६४. | सुरेल | डा. दुबीनन्द ढकाल | प्रा.डा. दानराज रेग्मी |
| ६५. | जेरो जेरुङ | डा. नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. दानराज रेग्मी |
| ६६. | हायु | डा.तारामणि राई | प्रा.डा. दानराज रेग्मी |
| ६७. | शेर्पा | सूर्य प्रसाद यादव | प्रा.डा. दानराज रेग्मी |
| ६८. | ल्होवा | भीमलाल गौतम | प्रा.डा. दानराज रेग्मी |
| ६९. | बेलहारे | डा. अम्बिका रेग्मी | प्रा.डा. दानराज रेग्मी |
| ७०. | पुमा | डा. तारामणि राई | प्रा.डा. दानराज रेग्मी |
| ७१. | छिन्ताङ | नेत्रमणि राई र राजेन्द्र ठोकर | प्रा.डा. दानराज रेग्मी |
| ७२. | पूर्वी तामाङ | सूर्य प्रसाद यादव | प्रा.डा. दानराज रेग्मी |